# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४० | काठमाडौं | मंगलबार, १९ जेठ २०८३ | Prabhab National Daily | Tuesday, 2 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# प्रधानमन्त्रीको बोलीले सदन ठप्प

## विपक्षी एक जुट, सडकमा मसाल, सुस्तामा एसएसबी



प्रधानमन्त्रीले संसद्मा आएर माफी माग्नुपर्ने माग गर्दै सोमबारको प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरू । *तस्बिरः रासस*



प्रधानमन्त्रीको राजीनामा मागसहित सोमबार साँझ तरुण दलले त्रिचन्द्र क्याम्पसमा गरेको पुत्ला दहन । *तस्बिर सौजन्यः नेपाल फोटो लाइब्रेरी*

- नेपालले पनि भारतको जग्गा मिचेको भन्ने प्रधानमन्त्री शाहको अभिव्यक्तिले निम्त्यायो राजनीतिक गतिरोध
- प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठक अवरूद्ध
- युवा विद्यार्थीहरु सडक प्रदर्शनमा, मागियो प्रधानमन्त्रीको राजीनामा
- देशको ठाउँ-ठाउँमा प्रधानमन्त्री शाहको पुत्ला दहन, नेविसंघका छ जना नेता पक्राउ
- प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रघाती भएको विपक्षी दलहरूको निष्कर्ष
- सदनमा आएर क्षमा माग्न प्रधानमन्त्रीमाथि दबाब

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भन्दै संसद्मा दिएको अभिव्यक्तिले राजनीतिक गतिरोध निम्तिएको छ । संसद् बैठक लगातार अवरोध भएको छ ।

सोमबार पनि विपक्षी दलहरूले उभिएर नाराबाजी गरे । संसद्को कार्यसूची अघि बढ्न सकेन । बजेट छलफल रोकियो । संसद्को वातावरण तनावपूर्ण भइरहेको छ । यसपछि सभामुख डोलप्रसाद अर्यालले संसद् बैठक आज १ बजेसम्मका लागि स्थगित गरे । राष्ट्रिय सभा बैठक पनि अवरुद्ध भयो । विपक्षी दलका सांसदहरूले अवरोध पुऱ्याएपछि अध्यक्ष नारायणप्रसाद दाहालले बैठक स्थगन गरे ।

राजनीतिक दल र ती दलका भ्रातृ संगठनहरू चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेर सोमबारदेखि सडकमा उत्रिएका छन् । देशको ठाउँ-ठाउँमा प्रदर्शन भएको छ । प्रदर्शनकारीहरूले प्रधानमन्त्री वालेन्द्रको राजीनामा मागेका छन् । सोमबार साँझ उनीहरूले वालेन्द्र सरकारविरुद्ध जुलुस पनि निकाले । केही ठाउँमा वालेन्द्रको पुत्ला दहन गरे । आज युवाहरूको नेतृत्वमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले मसाल जुलुस निकाल्ने र २१ गते जनसंगठनहरूको सहभागितामा संयुक्त विरोध प्रदर्शन गर्ने कार्यक्रम घोषणा गरेको छ ।

क्रमशः पृष्ठ २ मा

> यो अभिव्यक्ति राष्ट्रहितविपरीत र कूटनीतिक मर्यादाविपरीत छ । प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्छ ।
>
> ■ **नेपाली कांग्रेस**

> प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रघाती, देशद्रोही, गैरजिम्मेवार छ । त्यो संसद्को रेकर्डबाट हटाउँदै प्रधानमन्त्रीले रोस्ट्रमबाट माफी माग्नुपर्छ ।
>
> ■ **ऐनबहादुर महर**
> **प्रमुख सचेतक, नेकपा एमाले**

## दिल्लीमा रवि



**काठमाडौं (प्रस)–** भारतसँगको सीमाबारे प्रधानमन्त्री वालेन्द्र शाहको अभिव्यक्ति विवादित भइरहेकै बेला सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भारत भ्रमणमा गएका छन् । पाँच दिने भ्रमणका लागि भारत पुगेका लामिछानेलाई दिल्लीमा भारतीय जनता पार्टी (भाजपा)का राष्ट्रिय महासचिव तथा राज्यसभा सदस्य अरूण सिंह तथा विदेश विभाग प्रमुख विजय चौथाइवालेले स्वागत गरे ।

क्रमशः पृष्ठ २ मा

# उच्च अदालतलाई प्रधानन्यायाधीशको २१ बुँदे निर्देशन

- चालु आवको अन्त्यसम्म दुई वर्ष नाघेका मुद्दा र पुस मसान्तसम्ममा १८ महिना नाघेका मुद्दा शून्यमा ल्याउनेगरी कार्य सम्पादन गर्ने
- सम्भव भएसम्म इजलासमा हुने सुनुवाइको 'लाइभ स्ट्रिमिङ' गर्नुपर्ने
- फैसलाको पूर्णपाठ कानुनले तोकेको अवधिभित्रै तयार गर्ने/गराउने विषयलाई उच्च प्राथमिकता दिने
- कुनै पनि प्रकारका विकृति, विसंगति, अनुचित प्रभाव, अनियमितता, बिचौलियाजन्य गतिविधि वा आचरणविपरीत क्रियाकलापप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने



**डा. मनोजकुमार शर्मा**, प्रधानन्यायाधीश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानन्यायाधीश डा.मनोजकुमार शर्माले उच्च अदालतका मुख्य न्यायाधीशहरूलाई २१ बुँदे निर्देशन दिएका छन् । अदालतमा मुद्दाहरू धेरै समयदेखि अड्किएको विषयलाई सम्बोधनसहित प्रधानन्यायाधीश शर्माले सोमबार उच्च अदालतका मुख्य न्यायाधीशहरूलाई उक्त निर्देशन दिएका हुन् ।

निर्देशनमा मुख्यगरी यही पुसभित्र १८ महिना नाघेका मुद्दालाई शून्यमा झार्न निर्देशन दिइएको छ । 'पुराना बक्यौता मुद्दाहरूको न्यूनीकरणका लागि भएका प्रयास र उपलब्धिहरूलाई निरन्तरता दिँदै त्यसप्रकारका मुद्दाहरूको फर्स्योटलाई विशेष प्राथमिकता र संवेदनशीलताका साथ लिई यस आर्थिक वर्षको अन्तसम्म दुई वर्ष नाघेका मुद्दाहरू र २०८३ पुस मसान्तसम्ममा १८ महिना नाघेका मुद्दाहरू शून्यमा ल्याउने गरी कार्य सम्पादन गर्नु गराउनुहोला,' प्रधानन्यायाधीश शर्माले भनेका छन् ।

जेठ ५ गते प्रधानन्यायाधीशमा नियुक्त शर्माले उच्च अदालतका मुख्य न्यायाधीशहरूलाई सम्बोधन गर्दै अदालत सुधारका लागि बुँदागत रूपमै ध्यानाकर्षण गराएका हुन् । उच्च अदालतका विभिन्न १८ वटा इजलास छन् ।

निर्देशनमा भौतिक उपस्थितिमा समय लाग्ने देखिएमा 'भर्चुअल' बहस र सुनुवाइको 'लाइभ स्ट्रिमिङ'समेत गर्न भनेका छन् । 'भौतिक उपस्थितिमा लाग्ने समय, खर्च र असुविधा कम गर्न अनलाइन बहस, भिडियो कन्फरेन्सिङमार्फत साक्षी तथा विशेषज्ञको बकपत्र, म्याद थप, बयान र अन्य अदालती कार्यविधिगत प्रक्रियामा विस्तार गर्नुहोला । सम्भव भएसम्म इजलासमा हुने सुनुवाइको लाइभ स्ट्रिमिङका लागि आवश्यक प्राविधिक र व्यवस्थापकीय मापदण्ड तयार गरी कार्यान्वयनमा लैजानुहोला,' प्रधानन्यायाधीश शर्माले भनेका छन् ।

यसैगरी शर्माले फैसलाको पूर्णपाठ तयार हुन लामो समय लाग्दा यसले न्यायपालिकाप्रति प्रश्न उठ्दै आएकोले तोकेको अवधिमै फैसला लेख्ने विषयलाई उच्च प्राथमिकतामा राख्नसमेत आग्रह गरेका छन् । 'फैसलाको पूर्णपाठ तयार हुन लामो समय लाग्दा न्यायपालिकाप्रति नकारात्मक टिप्पणी हुने र मुद्दाका पक्षको न्यायप्राप्ति नै प्रभावित हुने भएकाले कानुनले तोकेको अवधिभित्र फैसला तयार गर्ने/गराउने विषयलाई उच्च प्राथमिकता दिनुहोला,' प्रधानन्यायाधीश शर्माले भनेका छन्, 'फैसला लेखनको बक्यौता, सोको कारण, जिम्मेवार इजलास/शाखा र सुधार कार्यतालिका तयार गरी नियमित अनुगमन गर्नुहोला ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# संघको निर्वाचन कार्यक्रम अघि बढाउन प्रशासनको निर्देशन

- प्रशासनको दोस्रो पत्रले हट्यो निर्वाचनको अन्योल
- विधानबमोजिम वर्तमान कार्यसमिति स्वतः विघटन भएकोले विशेष साधारणसभामा जान बाटो खुला
- निर्वाचन प्रक्रियामा बाधा नपुऱ्याउन निर्देशन




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जिल्ला प्रशासन कार्यालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन गराउन निर्देशनसहित पुनः पत्राचार गरेको छ । सोमबार प्रशासनले संघको विधानमा भएको प्रावधान उल्लेख गर्दै विशेष साधारणसभा तथा निर्वाचनको कार्य अघि बढाउन भनेको हो ।

यसअघि प्रशासनले जेठ १३ गते पठाएको पत्रमा स्पष्ट भाषा प्रयोग नहुँदा चुनाव गराउन भनेर गठन भएको प्रबन्ध समिति र संघका अध्यक्ष भुवनसिंह गुरुङपक्षले आ-आफ्नै हिसाबले व्याख्या गर्दै आएको अवस्था थियो । प्रबन्ध समितिले यही जेठ २४ गतेका चुनाव निर्धारण गरेर प्रक्रिया अगाडि बढाउँदा पत्रले आफ्नो कार्यसमितिलाई निरन्तरता दिन भनेको गुरुङपक्षको दाबी थियो । चुनाव नजिकिँदै गर्दा पनि विवाद साम्य नभएपछि प्रबन्ध समितिले चुनावका लागि वातावरण बनाइदिन प्रशासनमा सोमबार पत्र बुझाएको थियो । समितिको पत्रलाई सम्बोधन गर्दै प्रशासनले चुनाव अघि बढाउन निर्देशन दिएको हो ।

प्रशासनले गत वैशाख १५ गते प्राप्त भएको राजीनामासम्बन्धी पत्र स्मरण गराउँदै वर्तमान कार्यसमिति विघटन भएको उल्लेख गरेको छ ।

'उक्त पत्रसाथ संलग्न राजीनामापत्रमा संघको विधानको दफा २ (९) मा भएको पदाधिकारीसम्बन्धी व्याख्याबमोजिम हाल त्यस संघमा भएका कार्यसमितिका पदाधिकारीहरूबाट राजीनामा पेस भएको एवं राजीनामा गर्ने पदाधिकारीको संख्या दुईतिहाइ हुन आएको देखिएको हुँदा संघको विधानको दफा २६ को ४ (ख) को व्यवस्थाबमोजिम संघको वर्तमान कार्यसमिति स्वतः विघटन भएको छ,' प्रशासनले भनेको छ ।

क्रमशः पृष्ठ २ मा

# अब स्वचालित प्रणालीमार्फत पुनः श्रम स्वीकृति

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले स्वचालित प्रणालीमार्फत पुनः श्रम स्वीकृति दिने भएको छ । वैदेशिक रोजगारीमा गएका कामदारले सोही देश तथा कम्पनीमा आवेदन दिँदा आवश्यक प्रक्रिया र कागजात पुगेको अवस्थामा स्वचालित प्रक्रियाअनुसार पुनः श्रम स्वीकृति लिन सकिने विभागले जानकारी दिएको छ ।

स्वचालित पुनः श्रम स्वीकृति लिन यसअघि रोजगारीका लागि गएकै देश र कम्पनी हुनुपर्ने जनाइएको छ । त्यस्तै, कम्तीमा तीन महिना म्याद भएको राहदानी, वैधानिक भिसा, कम्पनीसँग करार सम्झौता तथा सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको हुनुपर्ने छ । श्रमिकले आवधिक जीवन बिमाका साथै वैध भिसा तथा करार सम्झौतालगायतको विषयमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मा रहेको स्वघोषणा गर्नुपर्ने पनि विभागले जनाएको छ ।

सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने सम्बन्धमा पुनः श्रम स्वीकृतिलाई पूर्णरूपमा स्वचालित बनाउने योजनाबमोजिम उक्त सेवा सुरु गरिएको विभागले जनाएको छ । यद्यपि, फेम्स प्रणालीमा गलत विवरण भरी वा तोकिएको कागजात पेस नगरी आवेदन दिँदा कुनै त्रुटि भएमा सेवाग्राही स्वयं जिम्मेवार हुने जनाइएको छ ।

# देउवाकै शैलीमा गगनले बनाए छाया सरकार

## प्रधानमन्त्रीमा भीष्मराज आङ्देम्बे



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापाले पूर्वसभापति शेरबहादुर देउवाकै शैलीमा छाया सरकार गठन गरेका छन् । सोमबार कांग्रेसले संसदीय दलका नेता भीष्मराज आङ्देम्बेलाई छाया सरकारको प्रधानमन्त्री बनाएको हो ।

कांग्रेस संसदीय दलकी प्रमुख सचेतक बासना थापाले संसदीय दलको विधानअनुरूप छाया सरकारको अभ्यास सुरु भएको बताइन् । 'सरकारका काम कारबाहीको सूक्ष्म निगरानी गर्न र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न छाया सरकार गठन गरिएको हो,' थापाले भनिन् ।



> सरकारका काम कारबाहीको सूक्ष्म निगरानी गर्न र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न छाया सरकार गठन गरिएको हो ।
>
> ■ **बासना थापा**
> **प्रमुख सचेतक**
> **कांग्रेस संसदीय दल**

यसअघि २०७६ जेठमा प्रतिपक्षमा हुँदा कांग्रेस सभापति देउवाले आफ्नो नेतृत्वमा २१ सदस्य रहेको छाया सरकार गठन गरेको थियो । यसपटक भने कांग्रेसले सरकारले घटाएअनुसारकै १८ जनाको छाया मन्त्रिपरिषद् गठन गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको शक्तिशाली सरकारको कामलाई सूक्ष्मरूपमा निगरानी राख्न कांग्रेसले छाया सरकार गठन गरेको जनाएको छ । कांग्रेसले छाया गृहमन्त्रीको जिम्मेवारी प्रकाशसिंह कार्कीलाई तोकेको छ । अर्थ मन्त्रालयको जिम्मेवारी नरेन्द्रकुमार केरुङलाई दिएको छ ।

परराष्ट्रको जिम्मेवारी सुनिलबहादुर थापालाई दिएको छ । थापा राष्ट्रिय सभा सदस्य हुन् । यसैगरी पूर्वाधार विकास मन्त्रालयमा मोहन आचार्य, शिक्षा तथा खेलकुद मन्त्रालयमा डा. फिर्दोष आलम, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा डा. चन्द्रमोहन यादवलाई जिम्मेवारी दिइएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### प्रधानमन्त्रीको...

राष्ट्रिय युवा संघ नेपाल, वाइसिएल, युवा संघ नेपाल र नेपाल समाजवादी युवा संघले जनताको धैर्यको बाँध फुट्न नदिन चेतावनी दिँदै प्रधानमन्त्री शाहले राजीनामा दिनैपर्ने बताए । 'जनविरोधी तथा राष्ट्रघाती गतिविधिहरू हामी देशभक्त, राष्ट्रप्रेमी र जनजीविकाका पक्षमा आवाज बुलन्द गर्ने युवाहरूको निम्ति सहय हुन सक्दैन । नेपाली जनताको धैर्यको बाँध नटुट्दै जनतासमक्ष माफी मागेर राजीनामा दिन प्रधानमन्त्री शाहलाई आह्वान गर्दछौं,' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई लिएर सिंहदरबारको दक्षिण गेट अगाडि प्रदर्शनमा रहेका कांग्रेसनिकट छ जना विद्यार्थी नेता पक्राउ परेका छन् । नेविसंघमा आबद्ध विद्यार्थी नेताहरू राजकुमार बस्नेत, अर्जुन कार्की, आदित्य दास, दिनेश कार्की, मोहन कालाथोकी र गौरव पाण्डे पक्राउ परेका हुन् । विगतमा काठमाडौं महानगरपालिकाको प्रमुख छँदा ग्रेटर नेपालको नक्सा राखेका प्रधानमन्त्री शाहको राष्ट्रवादको मखुण्डो उघ्रिएको भन्दै आलोचना भइरहेको छ ।

उता सुस्तामा भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले तटबन्ध निर्माणमा रोक लगाएको छ । यससँगै सीमा क्षेत्रमा चिन्ता बढेको छ । जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का सहायक प्रमुख जिल्ला अधिकारी पोषनराज भण्डारीका अनुसार नेपाल-भारत संयुक्त गस्तीका क्रममा भारतीय पक्षले निर्माण रोक्न मौखिक आग्रह गरेको हो । भण्डारीले प्रभावसँग भने, 'सीमा स्तम्भ भएको क्षेत्र हो । त्यसैले तत्काल निर्माण रोक्न भनिएको जानकारी आएको छ ।'

उनले यो विषयको जानकारी गृह मन्त्रालयलाई पनि गराएको बताए । सुस्ताका स्थानीय भने चिन्तित भएका छन् । वर्षौंदेखि नदी कटानले भूमि गुमाइरहेका उनीहरूका लागि अत्यावश्यक तटबन्ध निर्माणमा भारतीय पक्षको अवरोध आएको हो । सुस्ता बचाउ युवा अभियानका संयोजक योगेन्द्र गौतमले तटबन्ध निर्माण रोकिँदा स्थानीय थप जोखिममा पर्ने बताए । 'सुस्ता संवेदनशील क्षेत्र हो । यहाँ तटबन्ध रोकिँदा स्थानीय थप जोखिममा पर्छन्,' उनले भने । गौतमका अनुसार प्रधानमन्त्री शाहको अभिव्यक्ति र राज्यको ढिलासुस्तीसँगै अस्पष्ट नीतिले समस्या झन् बढाएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्रीको अभिव्यक्तिलाई कडा शब्दमा आलोचना गरेको छ । कांग्रेसले भनेको छ, 'यो अभिव्यक्ति राष्ट्रहितविपरीत र कूटनीतिक मर्यादाविपरीत छ । प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्छ ।'

नेकपा एमालेले पनि कडा प्रतिक्रिया दिएको छ । एमालेले प्रधानमन्त्रीको भनाइलाई 'राष्ट्रघाती' भनेको छ । एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले प्रधानमन्त्रीले संसद्मा आएर माफी माग्नुपर्ने माग गरे । सोमबार प्रतिनिधिसभा बैठक सुरु हुनेबित्तिकै उनले भने, 'प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रघाती, देशद्रोही, गैरजिम्मेवार छ । त्यो संसद्को रेकर्डबाट हटाउँदै प्रधानमन्त्रीले रोस्ट्रमबाट माफी माग्नुपर्छ ।'

एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले प्रधानमन्त्रीले माफी नमागेसम्म सदन चल्न नदिने चेतावनी दिइन् । 'हाम्रो लागि देशभन्दा ठूलो विषय अरू केही छैन । अहिले बजेटमाथि छलफल चलाउने कुरामात्र होइन,' उनले भनिन्, 'राष्ट्रहितसँग जोडिएको गम्भीर विषय उठेको छ । यस्तो विषयलाई बेवास्ता गरेर अगाडि बढ्न सकिँदैन ।'

उनले ऐतिहासिक तथ्यविपरीत प्रधानमन्त्री शाहबाट यस्तो अभिव्यक्ति आउनु गम्भीर त्रुटि भएको बताइन् । नेपाललाई सीमा मिचुवा देशको रूपमा प्रधानमन्त्रीको अभिव्यक्तिले चित्रण गरेको भन्दै उनको अभिव्यक्ति गैरजिम्मेवार, कूटनीतिक मर्यादाविपरीत र राष्ट्रघाती भएको टिप्पणी गरिन् । परराष्ट्र मन्त्रालयले भने यसलाई सीमा व्यवस्थापनसँग सम्बन्धित प्राविधिक विषय भनेर व्याख्या गरेको छ । तर, विवाद अझै रोकिएको छैन ।

#### विपक्षी दल एक ठाउँमा

सीमाजस्तो संवेदनशील विषयमा प्रधानमन्त्री वालेन्द्र शाहको विवादित अभिव्यक्तिले विपक्षी दलहरूलाई एक ठाउँमा उभ्याएको छ । सोमबार विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संयुक्त बैठक बस्यो । बैठकले प्रधानमन्त्री शाहको अभिव्यक्तिको निन्दा गर्‍यो । एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले सदनको रेकर्डबाट वालेन्द्रको अभिव्यक्ति हटाउनुपर्नेमा जोड दिए ।कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले भने हटाउनेभन्दा पनि सुरक्षित राख्नुपर्ने र कुनै बेला देशको प्रधानमन्त्रीले सीमाजस्तो संवेदनशील विषयमा कसरी हलुवा र अपरिपक्व ढंगले अभिव्यक्ति दिए ? त्यसको प्रमाणका लागि हटाउनेभन्दा पनि सुरक्षित राख्नुपर्ने बताए ।

'प्रधानमन्त्रीजीले नेपालले पनि भारतको जग्गा मिचेको रहेछ भन्नुभयो र यो बिना तथ्य, प्रमाण, सरकारी दस्तावेज वा अन्य अनुसन्धान प्रतिवेदनका आधारमा प्रधानमन्त्रीले त्यसो भन्नुभयो जस्तो लाग्छ,' आङ्देम्बेले भने, 'तर, कहाँ र कति मिचेको रहेछ ? त्यसबारे प्रधानमन्त्रीले जवाफ दिनुपर्छ ।'

प्रधानमन्त्री शाहको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने यसबारे मुख खोलेको छैन । उक्त दलका केही सांसदहरू प्रधानमन्त्रीको बचाउमा उत्रिएका छन् । पूर्वमन्त्रीसमेत रहेका बब्लु गुप्ताले भने भारतीय जग्गा नेपालले मिचेको देखाउन एउटा तस्बिर सार्वजनिक गर्दै प्रधानमन्त्री शाहको बचाउ गरे । रास्वपाकै सांसद आशिका तामाङले भने प्रधानमन्त्रीलाई प्रमाण सार्वजनिक गर्न आग्रह गरेकी छन् । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत यस्तो आग्रह गरेकी हुन् ।

■■■

### दिल्लीमा रवि...

भारतका लागि कार्यवाहक नेपाली राजदूत सुरेन्द्र थापासमेत लामिछानेको स्वागतका लागि इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । रास्वपा र भाजपाबीच दलगत सम्बन्ध सुदृढ गर्ने भनेर भ्रमणको आयोजना गरिएको भनिएको छ ।

गत २१ फागुनमा भएको आमनिर्वाचनबाट झण्डै दुईतिहाइ बहुमतसहितको सरकार बनाएको दुई महिनापछि पार्टी सभापति लामिछानेको पहिलो औपचारिक भारत भ्रमण भएको हो । भारत भ्रमणमा रहँदा उनले भाजपाका अध्यक्ष नवीनसहितका शीर्ष नेताहरू तथा सरकारका उच्च अधिकारीहरूसँग भेटवार्ता गर्ने रास्वपा प्रवक्ता मनिष झाले बताएका छन् ।

भ्रमण टोलीमा पार्टी सहमहामन्त्री विपिन आचार्य, सचिवालय सदस्य दीपक बोहरा र प्रदीप आचार्य छन् । झाका अनुसार रविले यही २२ जेठसम्म भारत भ्रमण गर्ने छन् । त्यसक्रममा नयाँ दिल्लीमा उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक भेटवार्ता गर्ने कार्यक्रम छ ।

उनले भाजपा नेतृत्व, भारतमा रहेका नेपाली समुदाय र पार्टीका शुभेच्छुकहरूसँग भेटघाट गर्ने कार्यक्रम छ । त्यसपछि उनले अयोध्याको भ्रमण गर्ने कार्यतालिका सार्वजनिक गरिएको छ ।

■■■

### उच्च अदालतलाई...

निर्देशनमा सेवाग्राहीका लागि 'टोल फ्री' र 'ह्वाट्सएप'बाट गुनासो सुनुवाइको व्यवस्था गर्नसमेत भनिएको छ । आमनागरिकको न्यायमा पहुँच सहज बनाउन अदालतहरूमा ह्वाट्सएप, भाइबर, टोल फ्री नम्बर र अनलाइन गुनासो प्रणाली विकास गर्न निर्देशन दिइएको छ । प्राप्त गुनासोहरूको अभिलेख राख्ने र समयमै सम्बोधन गरी सोको जानकारी सम्बन्धित पक्षलाई दिने पद्धति विकास गर्नुपर्ने छ । यस्तै, सेवाग्राहीले बुझ्नेगरी स्थानीय भाषामासमेत नागरिक बडापत्र राख्न भनिएको छ ।

अदालतहरूले फैसला कार्यान्वयनबारे मासिकरूपमा समीक्षा गरी टास्क फोर्सलाईसमेत सक्रिय बनाउन भनिएको छ । 'कैद, जरिवाना, सरकारी बिगो, क्षतिपूर्ति र अन्य फैसला कार्यान्वयनसम्बन्धी बक्यौता लगत अद्यावधिक गरी अभियानकै रूपमा कार्यान्वयन गर्ने गरी मातहतका अदालतलाई सक्रिय तुल्याउनुहोला । जिल्ला अदालत तहमा गठित टास्क फोर्सलाई सक्रिय बनाई प्रहरी, स्थानीय तह, सरकारी निकाय र अन्य सरोकारवालासँग समन्वय गर्नुहोला । फैसला कार्यान्वयनमा प्राप्त प्रगति मासिकरूपमा समीक्षा गरी बाधा व्यावधान देखिएमा तत्काल समाधानका उपाय अपनाउनुहोला,' प्रधानन्यायाधीश शर्माले भनेका छन् ।

त्यसैगरी न्यायमा पहुँच विकृति, विसंगति र अनियमितताप्रति शून्य सहनशीलता नीति अवलम्बन गर्नसमेत निर्देशन दिइएको छ । अदालतमा हुन सक्ने कुनै पनि प्रकारका विकृति, विसंगति, अनुचित प्रभाव, अनियमितता, बिचौलियाजन्य गतिविधि वा आचरणविपरीत क्रियाकलापप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्न प्रधानन्यायाधीशले निर्देशन दिएका छन् ।

प्रधानन्यायाधीश शर्माले आफूले २२ वर्षभन्दा बढी अधिवक्ताको रूपमा काम गर्दा र सात वर्षदेखि सर्वोच्चमा न्यायाधीशको रूपमा रही काम गर्दा न्यायाधीशको इमानदारिताकोबारेमा धेरै कुरा थाहा पाएको बताए । न्यायपालिकामा सुधारको यात्रा एक्लो प्रयासबाट नभई सामूहिक प्रयास, प्रतिबद्धता एवं सरोकारवालाहरूको सहयोग र समन्वयबाटमात्रै हासिल हुने शर्माको भनाइ छ ।

अहिलेको जनचाहना सुशासन र सेवाप्रवाह छिटोछरितो रहेको निर्देशनमा भनिएको छ । 'वर्तमान समयमा जनताको चाहनाअनुसार राज्यका हरेक निकायले सुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । यसैगरी प्रविधिको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई शीघ्र र सहज बनाउनुपर्ने आवश्यकतासमेत महसुस गरेको छु,' प्रधानन्यायाधीश शर्माले भनेका छन् ।

उनले जेन-जी विद्रोहका क्रममा भदौ २३ र २४ गते सूचना प्रविधिको सर्भरलगायतका उपकरणमा ठूलो क्षति भएकोले अदालतको मुद्दा व्यवस्थापनसम्बन्धी सफ्टवेयर सञ्चालनमा आएको अवरोधका कारण कार्यसम्पादनमा केही कमी आएको बताएका छन् । उक्त घटनाबाट सर्वोच्च अदालतलगायत देशभरिका २३ वटा अदालतहरूका भवन तथा उपकरणहरूमा क्षति पुगेको थियो ।

■■■

### संघको निर्वाचन...

संघको विधानको दफा २६ को ४ (ख) मा व्यवस्था भएको प्रबन्ध समिति गठन गर्ने कार्य सल्लाहकार समितिको निर्णयबाट भएकोमा उक्त कार्य पनि विधानअनुसार मिलेको पत्रमा उल्लेख गरिएको छ ।

प्रशासनले प्रबन्ध समितिलाई विशेष साधारणसभा आह्वान गरी संघको विधानको दफा २६ को ४ (ख) व्यवस्थालाई कार्यान्वयन गर्ने गरी प्रक्रिया अघि बढाउन निर्देशनसमेत दिएको छ । यदि प्रक्रिया सुरु भइसकेको भए बाँकी कार्यलाई निरन्तरता दिन भनिएको छ । यो प्रक्रियामा बाधा नपुर्‍याउन र निर्देशनविपरीत कार्य गरे तत्काल जानकारी गराउन पनि अनुरोध गरेको छ । साथै, प्रबन्ध समितिले गर्ने काम तथा निर्णयहरू लिखितरूपमा अध्यावधिक गराउन निर्देशन दिइएको छ ।

अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै गत वैशाख १४ मा कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले सामूहिक राजीनामा दिएका थिए । पछि राजीनामा दिएका दुई जना सदस्यले फिर्ता लिएपछि २१ सदस्यीय कार्यसमितिमा बहुमत आफ्नो पक्षमा रहेकाले वर्तमान कार्यसमिति विघटन हुन नसक्ने अध्यक्ष गुरुङ पक्षको दाबी थियो ।

यसअघिका पत्रअनुसार चुनाव हुन नसक्ने बताउँदै आए पनि अब भने प्रशासनले स्पष्ट निर्देशन दिएकाले आफ्नो कुनै टिप्पणी नभएको संघका निवर्तमान द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । 'प्रशासनको निर्णय आइसकेको छ । यसबारे टिप्पणी गर्नु गलत हुन्छ । अध्यक्षज्यू (आज) मंगलबार आइपुग्नुहुन्छ । अबको प्रक्रियाको विषयमा उहाँले बोल्नुहुन्छ,' खोखालीले प्रभावलाई भने ।


**बिमालेख हरायो**

मिति २०८३/०१/१२ गते ललितपुर, ग्वार्कोबाट कोटेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : लक्ष्मी ढकाल
बिमालेख नं.: 110044642
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Lubhu, Lalitpur
सम्पर्क नं : 9851433719


■■■

### देउवाकै शैलीमा...

कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारी खम्मबहादुर खातीलाई दिइएको छ । खाती राष्ट्रिय सभा सदस्य हुन् । रक्षा मन्त्रालयको जिम्मेवारी खड्ग शाही र सूचना तथा सञ्चार मन्त्रालयको जिम्मेवारी मनमाया विश्वकर्मालाई दिइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमा सन्तोष सुब्बा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा योगेश गौचनलाई जिम्मेवारी तोकेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विष्णुबहादुर खड्का, कृषि वन तथा पर्यावरण मन्त्रालयमा डा. प्रमिलाकुमारी गच्छदार, युवा, श्रम तथा रोजगार मन्त्रालयमा गीता गुरुङ, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयमा सन्दीप राना, महिला तथा बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा डा. गंगालक्ष्मी अवाल र भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जनकराज गिरीलाई जिम्मेवारी तोकिएको कांग्रेसको संसदीय दलले जानकारी दिएको छ ।

### सात वर्षअघि देउवा थिए छाया सरकारका प्रधानमन्त्री, गगन शिक्षामन्त्री

यसअघि २०७६ जेठ मा पनि कांग्रेसले छाया सरकार गठन गरेको थियो । त्यतिबेला पार्टी संसदीय दलका नेता तथा पार्टी सभापति रहेका देउवाले कांग्रेसका ६३ सांसदमध्ये ४८ जनालाई विभिन्न मन्त्रालयको छाया मन्त्रीको जिम्मेवारी दिएका थिए । देउवा छाया प्रधानमन्त्री हुँदा गच्छदार छाया उपप्रधानमन्त्री बनेका थिए ।

अहिलेका सभापति थापा त्यतिबेला छाया शिक्षामन्त्री, ज्ञानेन्द्रबहादुर कार्की ऊर्जा, जलस्रोत तथा सिँचाइ, डा. नारायण खड्का परराष्ट्र, डा. मीनेन्द्रप्रसाद रिजाल अर्थ, दिलेन्द्रप्रसाद बडु गृह र उमाकान्त चौधरी सहरी विकासमन्त्री बनेका थिए । त्यतिबेला देउवाले मन्त्रालयमा संयोजकका साथै सदस्यकोसमेत जिम्मेवारी तोकेको थियो । अर्थ मन्त्रालयको संयोजकमा डा. मीनेन्द्र रिजाल तोकिँदा सदस्यमा मीना पाण्डे र विनोदकुमार चौधरी रहेका थिए । गृह मन्त्रालयको संयोजकमा दिलेन्द्रप्रसाद बडू, सदस्यमा रमेशजंग रायमाझी र महेन्द्रकुमारी लिम्बूलाई जिम्मेवारी दिइएको थियो । त्यतिबेला छाया सरकारले राम्रो काम नगरेको भन्दै मन्त्रिपरिषद् हेरफेरको मागसमेत उठेको थियो ।

२०४८ सालमा नेपाली कांग्रेसको सुविधाजनक बहुमतको सरकार हुँदा तत्कालीन प्रमुख प्रतिपक्षी नेकपा एमालेले पनि छाया सरकार गठन गरी निगरानीको अभ्यास गरेको थियो । त्यतिबेला एमालेका अध्यक्ष मनमोहन अधिकारी छाया सरकारका प्रधानमन्त्री बनेका थिए ।


**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342886 | चलानी नं. ६०२५६१५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 1000 | ४१,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २६ गते (9th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८४९/०८२/८३
BARQ LINK MANPOWER PVT. LTD.
Gurans Galli, Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5929830, Cell : 9860739830
E-mail: info@barqlinkmanpower.com, Website: www.barqlinkmanpower.com

**साउदीमा रोजगार** कम्पनी : SUPPORT ENGINES CONTRACTING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342788 | चलानी नं. ६०२५६१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ७२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २६ गते (9th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**युएईमा रोजगार** कम्पनी : PIVOT ENGINEERING & GENERAL CONTRACTING COMPANY W L L

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342779 | चलानी नं. ६०२५६१५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/c Technician | 15 | 0 | 1500 | ६२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium & Glass Technician | 9 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 4 | Chargehand Mechanical | 4 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 5 | Civil Charge Hand | 11 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 6 | Electrican | 12 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 7 | Finishing Carpenter | 26 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 8 | Insulator | 1 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 9 | Labour | 7 | 0 | 1000 | ४१,३७० | | | | | | | |
| 10 | Mason Tiles | 39 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 11 | Multi Skilled Technician | 18 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 12 | Pipe Fitters | 1 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 13 | Plumber | 35 | 0 | 1500 | ६२,०५५ | | | | | | | |
| 14 | Wall Painter | 4 | 0 | 1500 | ६२,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: AKH Traning Center काठमाडौंमा मिति: २०८३ जेठ २६ गते (9th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260
E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


## आजको राशिफल



ज्यो. गुरु अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १९ जेठ, २०८३

| | |
|---|---|
| मेष | नयाँ कामको अवसर मिल्न सक्छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| वृष | कार्य क्षेत्रमा प्रशंसा मिल्ने दिन छ । रोकिएका काम अघि बढ्नेछन् । |
| मिथुन | आज यात्रा वा नयाँ भेटघाटको सम्भावना छ । बोलीमा संयम राख्नु राम्रो । |
| कर्कट | मन अलि संवेदनशील बन्न सक्छ । आर्थिक पक्ष भने क्रमश: सुधार हुँदै जानेछ । |
| सिंह | नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । |
| कन्या | कामको चाप बढे पनि परिणाम राम्रो आउनेछ । आफन्तसँगको सम्बन्ध सुदृढ बन्नेछ । |
| तुला | नयाँ योजना सफल हुने संकेत छ । रमाइलो यात्राको योग छ । |
| वृश्चिक | विवादबाट टाढा रहनु राम्रो । मेहनत अनुसार उपलब्धि प्राप्त हुनेछ । |
| धनु | भाग्यले साथ दिने दिन छ । शिक्षाक्षेत्र तथा वैदेशिक काममा सफलता मिल्न सक्छ । |
| मकर | आर्थिक लाभको सम्भावना छ । पुराना समस्या समाधान हुन सक्छन् । |
| कुम्भ | आज सिर्जनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग भेटघाट रमाइलो हुनेछ । |
| मीन | धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ जेठ, २०८३ (२ जुन, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.७१ | १५२.३१ |
| युरो | १ को | १७६.८९ | १७७.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२१ | २०५.०२ |
| स्विस फ्रैन्क | १ को | १९४.२१ | १९४.९८ |
| अस्ट्रेलियन डलर | १ को | १०८.९८ | १०९.४१ |
| क्यानाडियन डलर | १ को | १०९.९७ | ११०.४० |
| सिङ्गापुर डलर | १ को | ११८.८३ | ११९.३० |
| जापानी येन | १० को | ९.५३ | ९.५६ |
| चिनियाँ युआन | १ को | २२.४२ | २२.५१ |
| साउदी अरब रियाल | १ को | ४०.४३ | ४०.५९ |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८२ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३० | ४१.४७ |
| मलेसियन रिङेट | १ को | ३८.२६ | ३८.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १६.४१ | १६.४८ |
| डेनिस क्रोनर | १ को | २३.६७ | २३.७६ |
| हङकङ डलर | १ को | १९.३६ | १९.४३ |
| कुवेती दिनार | १ को | ४९४.६५ | ४९६.६१ |
| बहराइन दिनार | १ को | ४०२.३९ | ४०३.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# अमेरिका-नेपाल साझेदारी विस्तारमा जोड



**काठमाडौं (प्रस)**– संयुक्त राज्य अमेरिकाकी सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपाललाई अमेरिकाले महत्त्वपूर्ण साझेदारका रूपमा हेरेको बताउँदै द्विपक्षीय साझेदारी विस्तारमा जोड दिएकी छन् ।

सोमबार यहाँ सञ्चारकर्मीसँग भएको छलफलमा उनले ५५ करोड अमेरिकी डलर बराबरको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) कम्प्याक्टलाई नेपालको अर्थतन्त्र र ऊर्जा क्षेत्रका लागि महत्त्वपूर्ण लगानीका रूपमा उल्लेख गर्दै यसमार्फत दुई देशबीचको साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गरिन् ।

गत वर्ष एक लाख १२ हजार अमेरिकी पर्यटक नेपाल भ्रमणमा आएका जानकारी दिँदै उनले अमेरिकालाई नेपालको दोस्रो ठूलो पर्यटक स्रोत बजारका रूपमा चित्रण गरिन् । नेपालमा नवप्रवर्तन र आर्थिक वृद्धिको ठूलो सम्भावना रहेको बताउँदै उनले लगानी, व्यवसाय सञ्चालन र नवप्रवर्तनका लागि वातावरण थप अनुकूल बन्दै जाँदा अमेरिकी कम्पनीहरू नेपालका अझ बलिया साझेदार बन्न सक्ने धारणा व्यक्त गरिन् ।

उनले नेपालको सार्वभौमसत्ता, आर्थिक वृद्धि तथा साझा समृद्धिलाई सहयोग गर्न नेपाल सरकार र नेपाली जनतासँगको साझेदारी अझ मजबुत बनाउन अमेरिका प्रतिबद्ध रहेको बताइन् ।

परराष्ट्रमन्त्री शिशिर खनाल तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम पाण्डेसँग भेट गरी आर्थिक सम्बन्ध सुदृढीकरण, व्यापारिक वातावरण सुधार तथा डिजिटल पहुँच विस्तारलगायत विषयमा आफूले छलफल गरेको उनले जानकारी दिइन् । आइतबार यहाँ भएको 'एसेन्ट समिट' मा मुख्य वक्ताका रूपमा आफ्ना विचार प्रस्तुत गर्न पाउँदा आफ्ना लागि अवसरमा भएको बताउँदै उनले उक्त कार्यक्रममा नेपाली तथा अमेरिकी कम्पनी, पर्वतारोही र नवप्रवर्तकहरूले हिमालय क्षेत्रमा साहसिक पर्यटन र प्रविधिको भविष्यबारे छलफल भएको जानकारी दिइन् ।

उपविदेशमन्त्री रोजर्सले पाटन दरबार क्षेत्रको भ्रमण गरेर त्यहाँ रहेका सम्पदाको अभिरुचिपूर्वक अवलोकन गरेकी थिइन् ।

# 'विश्व शान्तिमा नेपाली सेनाको योगदान महत्त्वपूर्ण'

**काठमाडौं (प्रस)**– प्रधानसेनापति अशोकराज सिग्देलले संयुक्त राष्ट्रसंघको बडापत्रमा आधारित भई राष्ट्रसंघीय शान्ति मिसनका माध्यमबाट विश्वका विभिन्न देशमा नेपाली सेनाले पुऱ्याउँदै आएको योगदान विश्व शान्तिका लागि महत्त्वपूर्ण रहेको बताएका छन् ।



संयुक्त राष्ट्रसंघीय शान्ति सैनिकको अन्तर्राष्ट्रिय दिवसका अवसरमा काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सोमबार आयोजित कार्यक्रममा उनले नेपाली सेनाले विश्वमा शान्ति स्थापनार्थ पुऱ्याएको ऐतिहासिक योगदानको स्मरण गरे ।

नेपाली सेनाको मुख्य लक्ष्य शान्ति स्थापना गर्नु रहेको बताउँदै प्रधानसेनापति सिग्देलले यही उद्देश्यमा अटल रहेर नेपाली सेनाले काम गरिरहेको स्पष्ट गरे । कामप्रतिको प्रतिबद्धता, व्यावसायिकता र इमान्दारिता नेपाली सेनाको पहिचान रहेको उल्लेख गर्दै उनले नेपाली सेनाले विश्वस्तरमा आर्जन गरेको प्रतिष्ठा नेपाल र नेपालीका लागि गौरवको विषय भएको बताए ।

विभिन्न मिसनमा कार्यरत शान्ति सैनिकहरूलाई सम्बोधन गर्दै प्रधानसेनापति सिग्देलले भने, 'हाल विभिन्न मिसनमा खटिएका तथा निकट भविष्यमा खटिन लागेका सबै शान्ति सैनिकहरू, तपाईंहरूको सेवाले द्वन्द्वका कारण जोखिममा परेका विश्वका लाखौं नागरिकको आशा र भरोसा बोकेको हुन्छ । तपाईंहरूको व्यावसायिकता, करुणा, इमानदारिता र त्यागले नेपालको वास्तविक भावनाको प्रतिबिम्बित गर्दछ । यही तथ्यलाई आत्मसात् गरेर आफ्नो शान्ति स्थापना कार्यमा लाग्नुहोला ।'

नेपाल सदैव विश्व शान्तिप्रति समर्पित रहँदै आएको बताउँदै प्रधानसेनापतिले शान्ति स्थापना कार्यका बहुआयामिक चुनौतीहरूको सामना गर्दै नेपाली शान्ति सैनिक जटिल र परिवर्तनशील परिस्थितिमा पनि अनुशासन, कर्तव्यवोध र पेसाप्रतिको समर्पणभावका पक्षमा अटल रहेकामा गौरव गरे । विश्व शान्ति स्थापनाका लागि नेपाली सेनालाई आवश्यक सहयोग र विश्वास प्रदान गरेकामा संयुक्त राष्ट्रसंघ, विश्व समुदाय, रक्षा तथा परराष्ट्र मन्त्रालयसहित सम्बद्ध सबैप्रति उनले धन्यवाद व्यक्त गरे ।

सो अवसरमा प्रधानसेनापति सिग्देलले मिसन इलाकामा मृत्यु भएका दुई जना सैनिकका परिवारलाई सम्मानपत्र र शान्ति स्थापनार्थ खटिइ उत्कृष्ट कार्य गर्ने पाँच जना सैनिकलाई कदरपत्र प्रदान गरे । उक्त कार्यक्रममा उपरथी अनुपजंग थापाले नेपाली सेनाले विविधताबीच एकता र सहकार्यमा आधारित शक्ति आर्जनका माध्यमबाट विश्वमा नै शान्ति सेनाको ख्याति आर्जन गरेको स्पष्ट गर्दै संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९५८ बाट शान्ति सैनिक खटाउँदै आएको नेपाल शान्ति सैनिक पठाउने राष्ट्रहरूको सूचीमा पहिलो स्थानमा रहेको जानकारी दिए ।

उनले विश्व शान्ति स्थापनाका पक्षमा नेपाली सेनाको भूमिका, योगदान र उपलब्धिका बारेमा पनि चर्चा गरेका थिए । संयुक्त राष्ट्रसंघीय मिसनअन्तर्गत हाल विश्वका विभिन्न नौ वटा मिसनमा नेपाली सेनाका चार हजार १७९ जना शान्ति सैनिक कार्यरत रहेका छन् । विश्व शान्ति स्थापनाका सिलसिलामा हालसम्म विश्वका विभिन्न मिसनमा गरी ४४ जना सैनिकले ज्यान गुमाएका जानकारी पनि सो अवसरमा दिइएको थियो ।

## पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

मितिः २०८३।०२।१९ गते

**नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखा**को समन्वय तथा **महालक्ष्मी नगरपालिका, इमाडोल, ललितपुर**को वित्तीय सहयोगमा दुई दिने **पर्यटन प्रवर्धन कार्यक्रम** सञ्चालन हुन गईरहेको हुनाले तालिम/गोष्ठीमा सहभागी हुन इच्छुक नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखामा आबद्ध सदस्यज्यूहरू, ललितपुर जिल्लामा क्रियाशिल पत्रकारहरू, महालक्ष्मी नगरपालिका क्रियाशिल पत्रकारज्यूहरू तथा स्थानीयहरूले सम्पर्क गर्न हुन अनुरोध छ ।

**सम्पर्क व्यक्तिहरूः**
रामहरि कार्की, अध्यक्ष ९८५१०८७९६६
दिपक अर्याल, सचिव ९८५१२११९१५
कृष्ण पौडैल, कोषाध्यक्ष ९८५१२५५१०९

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९**

यस देविथान सा.व.उ.स. कमलामाई न.पा. १, सिन्धुलीबाट आ.व. ०८२/०८३ मा उत्पादन भई सालबोटे चौर, कमलामाई न.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ६४ को ७९३.४३ क्यू.फि गोलिया काठ र १.०० चट्टा दाउरा को व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री देविथान सा.व.उ.स., कमलामाई न.पा.- १, सिन्धुली**

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९**

यस लालीगुराँस सा.व.उ.स. मरिण गा.पा. ४, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई गोठखोला दोभान चौर, मरिण गा.पा. ४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लट को साल र असना जातको गोलिया थान १४९ को २०४७.९८ क्यू.फि गोलिया काठ र १.५० चट्टा दाउरा को व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री लालीगुराँस सा.व.उ.स. , मरिण गा.पा.- ४, सिन्धुली**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९ गते**

यस कम्पनीको मिति २०८३/०१/२७ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अमानुपासी अर्गानिक कृषि फार्म प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अमानुपाशी भोटखोला जडीबुटी उत्पादन प्रा.लि. (प्रा.लि.नं. २६६२१७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९ गते**

यस कम्पनीको मिति २०८३/१२/०२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **इन्भेष्टमेन्ट एण्ड होल्डिङ्ग कम्पनी प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हिमालयन भेन्चर्स एण्ड होल्डिंग्स प्रा.लि. (प्रा.लि.नं. ३७६४३४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

*तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/१९ गते*

यस कम्पनीको मिति २०८३/०२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी सि.जि.रेमिट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एन.आर.एन.रेमिट प्रा. लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **एन. आर. एन. रेमिट प्रा. लि. (पान नं. ३०२९७८७७९) (दर्ता नं. ४४९७०/०६३/०६४** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९**

यस सुनगाभा सा.व.उ.स. मरिण गा.पा. ४, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई कौगरे दोभान, मरिण गा.पा. ४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लट को साल र असना जातको गोलिया थान २२५ को ३६२५.८६ क्यू.फि गोलिया काठ र २.०० चट्टा दाउरा को व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री सुनगाभा सा.व.उ.स. मरिण गा.पा.- ४, सिन्धुली**

## नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.

**मानभवन ललितपुर, ०१-५००८२४५, ५४२८०१९**

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति २०८३/०२/१९**

यस नोवल बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा कारोबार गर्ने तपसिलका सदस्यले ऋण कर्जा लिँदा संस्था र ऋणीबीच भएको शर्त कबुलियत लिखत बमोजिम भाखाभित्र कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम बुझाउनुपर्नेमा हालसम्म नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता गर्न सम्बन्धित ऋणी तथा जमानीकर्तालाई पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने रकम नतिरी संस्थासँग भएको शर्त तथा बन्देज उल्लंघन गरेकोले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । अन्यथा, उक्त म्यादभित्र सम्पूर्ण रकम चुक्ता भुक्तानी नभएमा सूचना प्रकाशित भएको मितिले ३६ (छतिसौं) दिन धितो सुरक्षणमा रहेको अचल सम्पत्ति प्रचलित कानून तथा सहकारी नियमावली बमोजिम डाक बढाबढ प्रक्रियामार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै, धितो सुरक्षणमा रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संस्थाले तोकिएको म्यादभित्र संस्थामा सम्पर्क राखी आवश्यक प्रक्रिया पूरा गर्न सक्नेछन् । यसरी लिलाम बिक्री हुँदा समेत धितो सुरक्षण रहेको अचल सम्पत्ति बिक्री हुन नसकी संस्था स्वयंले धितो सकार गर्नुपरेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर हुन नसकेमा बाँकी रहन गएको रकम कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघराना एवं अन्य जायजेथाबाट समेत असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा धितो सुरक्षण रहेको सम्पतिको विवरण**

| | | |
|---|---|---|
| **ऋणिको नाम :** मान कुमारी सुनुवार (बर्ष ६७)<br>ना.प्र.नं.१५२९/५६३, दोलखा<br>पतिको नाम : तेज बहादुर गुरूङ<br>ससुराको नाम : हर्क बहादुर गुरूङ<br>बाबुको नाम : राम बहादुर सुनुवार<br>ठेगाना : हावा-०६, दोलखा,<br>हाल, जोरपाटी, काठमाडौं । |  | **कर्जा सुरक्षण विवरण**<br>१. ऋणिको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौमा दर्ता श्रेष्ता रहेको, काठमाण्डौं जिल्ला, जोरपाटी गा.वि.स.वडा नं.५ कित्ता नं.८० को क्षे.फ. ०-०-०-० (८४.४५ ब.मि.) जग्गा र सो ले चर्चेको लिगलगापत समेत........ |

**लिलाम हुने मिति तथा समय :** मिति २०८३।०३।२४ गते दिनको १०.०० बजे देखि ४:०० बजे सम्म
**स्थान :** नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.को कार्यालय, मानभवन, ललितपुर
थप जानकारीका लागि कार्यालय समयभित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

## अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड

Upper Syange Hydropower Limited
का.म.न.पा.चन्डोल-४, काठमाडौं, नेपाल, फोन नं.०१-४५४२८६०
E-mail : upper.syange@gmail.com, Website.www.uppersyange.com

## लक इन अवधि (Lock–in Period) समाप्त हुने सम्बन्धी सूचना

*प्रकाशन मिति :- २०८३/०२/१९ गते*

श्री नेपाल धितोपत्र बोर्डको मिति २०८०/०८/२५ गतेको पत्र संख्या ८०/८१ चलानी नं.१५२३ को पत्रवाट निर्देशन भए बमोजिम यस कम्पनीको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कुल शेयर मध्ये तपसिलमा उल्लेखित संस्थापक शेयरधनीहरू तथा सर्वसाधारणतर्फ आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र कर्मचारीहरूको स्वामित्वमा रहेको शेयरको लक इन अवधि (Lock–in Period) देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोरा शेयरधनी महानुभावहरू, नियमनकारी निकायहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | शेयर विवरण | लक इन अवधिमा रहेको कुल शेयर संख्या | लक इन अवधि समाप्त हुने मिति |
|---|---|---|---|
| १. | संस्थापक समूहको शेयर | १३,३०,००० | मिति २०८२/०३/२१ गते (तदनुसार सन् २०२६ जुलाई ५) |
| २. | आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूलाई बाँडफाँड गरिएको शेयर | २,२०,००० | |
| ३. | कर्मचारीहरूलाई बाँडफाँड गरिएको शेयर | १३,००० | |
| | **जम्मा** | १५,६३,००० | |

*नोट : सञ्चालक तथा कम्पनीको उच्च व्यवस्थापकिय पदमा कार्यरत कर्मचारीहरूको हकमा नियमानुसार शेयर रोक्का रहने छ ।*

**शेयर रजिष्ट्रार :**
**माछापुच्छ्रे क्यापिटल लिमिटेड**

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०२/१९ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ जेठ २६ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**पुरानो पर्सा, चितवन**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **डिलाराम पाण्डे**<br>ना.प्र.नं.- ४/२८१९,<br>जारी मिति - २०५३/०१/२६, जि.प्र.का.रुपन्देही<br>बाबु - मनिराम पाण्डे<br>पत्नी- जानकी देवी पाण्डे<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, सियारी गाँउपालीका वडा नं. ०४<br>हालको ठेगाना चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०४ | १. **जानकी देवी पाण्डे**<br>ना.प्र.नं.- १८५४३<br>जारी मिति - २०६२/०१/०९, जि.प्र.का.रुपन्देही<br>बाबु -चुडामणि अर्याल<br>ससुरा- नरहरि पाण्डे<br>पति - डिलाराम पाण्डे<br>स्थायी ठेगाना- रुपन्देही जिल्ला, सियारी गाँउपालीका वडा नं. ०४<br>हालको ठेगाना चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०४ |

**लिलाम हुने सम्पत्तीको विवरण**

१. **डिलाराम पाण्डे**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता कायम रहेको रुपन्देही जिल्ला दयानगर गा.वि.स वडा न. ०७ स्थित कित्ता नं. ५१० को क्षेत्रफल ०-९-० (वि.क.धु.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**ईटहरी**

| ऋणीको विवरण | व्यक्तिगत जमानकर्ताको विवरण |
|---|---|
| १. **नरेश कुमार मगर**<br>ना.प्र.नं. ४८९०६<br>जारी मिति २०५७/०१/२१, जि.प्र.का. मोरङ्ग<br>बाबु - डम्बर ब. पुर्वछाने मगर<br>बाजे - विर बहादुर मगर<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, केराबारी गा.वि.स., वडा नं. ०८<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, केराबारी गा.पा., वडा नं. ०७ | १. **एलिना राई**<br>ना.प्र.नं. ०५-०१-६९-००१६८<br>जारी मिति २०६९/०९/१७, जि.प्र.का. मोरङ्ग<br>बाबु - अरुण राई<br>पती - नरेश कुमार मगर<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, केराबारी गा.वि.स., वडा नं. ०८<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, केराबारी गा.पा., वडा नं. ०७ |

**लिलाम हुने सम्पत्तिको विवरण**

| | |
|---|---|
| १. **एलिना राई**को नाममा मालपोत कार्यालय मोरङ्ग, बेलबारीमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, केराबारी गा.वि.स/न.पा वडा नं. ८/ख स्थित कित्ता नं. १४६४ को क्षेत्रफल ०-०-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत । | २. धनी कुमारी बैंक लिमिटेड (साविक देवः विकास बैंक लि.) र ऋणी **नरेश कुमार मगर** कायम भई कोशी अञ्चल यातायात व्यवस्था कार्यालयमा कायम दर्ता रहेको ई.न. HEEZ407394, चे.न. MB1G3GFC9HRWU6685 सवारी नं. को १ ख ७७२० को 1616XL TIPPER एक थान । |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८३ जेठ २५ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ जेठ २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ जेठ २६ गते मंगलबार अपारान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रधानमन्त्रीको सीमा-अभिव्यक्ति सच्याइयोस्

**सार्वभौमिकता र भौगोलिक अखण्डता कुनै पनि स्वतन्त्र राष्ट्रका लागि सबैभन्दा संवेदनशील र सौदावाजी हुन नसक्ने विषय हुन्। अझ नेपालजस्तो रणनीतिकरूपमा संवेदनशील भू–राजनीतिमा रहेको मुलुकका लागि सीमाको सवाल राष्ट्रिय अस्तित्वसँग जोडिन्छ । यस्तो गम्भीर विषयमा मुलुकको कार्यकारी प्रमुखको ओहोदामा बसेका प्रधानमन्त्रीबाट आउने हरेक शब्दको आफ्नै कूटनीतिक र कानुनी भार हुन्छ । तर, आइतबार प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहले विनाकुनै कार्यसूची र पूर्वतयारी अचानक उभिएर जसरी 'नेपालले पनि भारतको भूमि धेरै ठाउँमा मिचेको रहेछ' भन्ने गैरजिम्मेवार अभिव्यक्ति दिए, यसले समग्र देशलाई तरंगित बनाएको छ । सीमाविद्हरूका अनुसार प्रधानमन्त्रीको यो भनाइ तथ्यहीन रहेको छ । मुलुकको स्थापित कूटनीतिक अडान र ऐतिहासिक दस्तावेजहरूको मर्मविपरीत प्रधानमन्त्रीले संसद्को रोस्ट्रमबाटै यस्तो बोल्नु अति नै आपत्तिजनक छ ।**

**विगत लामो समयदेखि नेपालले सुगौली सन्धिलाई नै आफ्नो अन्तर्राष्ट्रिय सीमाको मुख्य आधार मान्दै आएको छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा र सुस्ताजस्ता क्षेत्रमा नेपालको भूमि भारतद्वारा मिचिएको तथ्य जगजाहेर छ, जसकाविरुद्ध नेपालले आफ्नो अद्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सासमेत जारी गरिसकेको छ । यस्तो अवस्थामा मुलुककै प्रधानमन्त्रीले संसद्को रोस्ट्रममै उभिएर नेपालले नै भारतीय भूमि मिचेको दाबी गर्नु कति पनि सुहाउने विषय होइन । प्रधानमन्त्रीको यो अदूरदर्शी र अपरिपक्व बोलीले नेपालको भूमिमाथि छिमेकी मुलुकले गर्दै आएको अतिक्रमणलाई नै वैधानिकता दिने र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको बलियो कूटनीतिक अडानलाई कमजोर पार्ने निश्चित छ । भारतीय सञ्चारमाध्यमहरूले यसै अभिव्यक्तिलाई हतियार बनाएर नेपालविरुद्ध सनसनीपूर्ण समाचार सम्प्रेषण गर्न थालिसक्नु यसको प्रत्यक्ष उदाहरण हो ।**

**परराष्ट्र मन्त्रालयले 'क्रस बोर्डर अकुपेसन' र नदीको बहाव परिवर्तनका कारण सिर्जना भएको प्राविधिक समस्या भन्दै प्रधानमन्त्रीको बचाउ गर्ने प्रयास त गरेको छ, तर कार्यकारी प्रमुखको मुखबाट निस्किसकेको शब्दको क्षतिपूर्ति त्यस्ता प्राविधिक 'प्रेस नोट'ले गर्न सक्दैनन् । सीमापार बसोबास र जग्गाको कूटनीतिक लगत संकलन हुनु र भूमि मिच्नु सर्वथा फरक कुरा हुन् । छ जना वरिष्ठ सीमाविद् तथा संविधानविद्हरूले तत्कालै संयुक्त रूपमा जनाएको आपत्ति र प्रधानमन्त्रीको भनाइमा सत्यता नरहेको स्पष्टीकरणले के प्रमाणित गर्छ भने प्रधानमन्त्री शाहले राष्ट्रिय सुरक्षा र सीमासम्बन्धी न्यूनतम संवेदनशीलताकोसमेत ख्याल गरेनन् ।**

**लोकतन्त्रमा संसद्प्रति प्रधानमन्त्री उत्तरदायी हुनुपर्छ, तर सस्तो लोकप्रियता वा उत्तेजनाका भरमा विनाप्रमाण राष्ट्रिय हितविपरीत बोल्ने छुट कसैलाई हुँदैन । प्रधानमन्त्री शाहले यदि यो गल्तीलाई तत्काल नसच्याउने हो भने भविष्यमा नेपालले आफ्नो मिचिएको भूमि फिर्ता माग्ने नैतिक र कानुनी धरातल सधैंका लागि गुमाउन सक्छ । तसर्थ, राष्ट्रिय सार्वभौमिकतामाथि नै आँच पुऱ्याउने यस्तो गम्भीर र घातक अभिव्यक्तिप्रति प्रधानमन्त्रीले तत्काल संसद् र आमनेपाली जनतासामु सार्वजनिकरूपमा क्षमायाचना गर्नुपर्छ ।**

# जातीय विभेद्को बढ्दो त्रासदी



❑ राजेश विद्रोही

सिन्धुलीका श्रीकृष्ण विकको हिरासतभित्र भएको मृत्युले सडक, सदन, सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म गम्भीर बहस जन्माएको छ । आफूले मन पराएकी कथित उच्च जातकी युवतीसँग अन्तरजातीय विवाह गरेपछि उनीमाथि युवती पक्षले उमेर नपुगेको आधार देखाउँदै बालविवाह र बलात्कारसम्बन्धी मुद्दा दर्ता गरायो । त्यसपछि प्रहरीले उनलाई ललितपुरबाट पक्राउ गरी खुर्कोट प्रहरी चौकी पुऱ्यायो । जहाँ हिरासतमै उनको मृत्यु भयो । प्रहरीले घटनालाई आत्महत्या भने पनि परिवार, स्थानीयवासी र अधिकारकर्मीहरूले प्रहरी यातना वा योजनाबद्ध हत्याको आशंका व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरिरहेका छन् ।

घटनापछि व्यापक विरोध र प्रश्न उठे पनि अहिलेसम्म न उच्चस्तरीय छानबिन समिति गठन भएको छ, न अनुसन्धान प्रक्रियाले स्पष्ट दिशा लिएको देखिन्छ । यसले राज्य संयन्त्रको संवेदनशीलता, प्रहरी प्रशासनको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वासमाथि गम्भीर प्रश्न खडा गरेको छ । श्रीकृष्ण विकको मृत्यु केवल एक व्यक्तिको मृत्यु होइन, यसले सिंगो प्रेम र अन्तरजातीय विवाहप्रति समाजमा रहेको विभेद्कारी दृष्टिकोण, दलित समुदायमाथिको संरचनात्मक हिंसा र कानुनी प्रक्रियाको सम्भावित दुरूपयोगलाई उजागर गरेको छ ।

नेपालमा पछिल्ला वर्षहरूमा अन्तरजातीय प्रेम र विवाह, विशेषगरी दलित-गैरदलित सम्बन्ध-सामाजिक तनाव र कानुनी विवादको विषय बन्दै गएको छ । जात नमिलेपछि सम्बन्धलाई बलात्कारको मुद्दामा रूपान्तरण गर्ने, उमेर नपुगेको आधारमा बालविवाहको अभियोग लगाउने र सहमतिमा भएको सम्बन्धलाई समेत अपराधीकरण गर्ने प्रवृत्ति बढ्दो छ । परिवार र समाजले सम्बन्ध स्वीकार नगर्दा कानुनी आरोपलाई सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग गरिएका अनेक उदाहरण छन् । रुकुम पश्चिम सोती हत्या घटनामा नवराज विकसहित छ जना युवाको हत्या अन्तरजातीय प्रेमकै कारण थियो । सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको घटनामा उमेर पुगेपछि गरिएको प्रेमविवाहलाई समेत परिवार र प्रशासनिक प्रभाव प्रयोग गरेर अपराधीकरण गरियो । युवतीको उमेर कम देखाउने फर्जी जन्मदर्ता तयार गरी अपहरण, बलात्कार र बालविवाहका मुद्दा दर्ता गरिएपछि सत्येन्द्रलाई भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

यस्तै, सप्तरीको मनोज राम र बबिता इसरको घटनामा पनि जातीय पृष्ठभूमि र उमेरलाई आधार बनाएर सम्बन्ध तोड्ने प्रयास भएको थियो । सप्तरीकै ज्योति पासवान बाहुन युवकसँग प्रेमविवाह गर्दा जातकै कारण परिवारले नस्वीकार्दा आत्महत्या गरिन् । सिरहाकी रिंकु सदा, रौतहटका विजयराम महरा, धनुषाका शम्भु सदा र पल्टु रविदासजस्ता घटनाहरू जातीय विभेद, सामाजिक पूर्वाग्रह र प्रशासनिक कमजोरीको कठोर वास्तविकता उजागर गरेका छन् । मधेसका सिरहा, सप्तरी, धनुषा र रौतहटलगायत जिल्लामा दलित युवकले कथित गैरदलित युवतीसँग भागी विवाह गर्दा अपहरण, बलात्कार, बालविवाह र ज्यान मार्ने उद्योगजस्ता मुद्दा दर्ता गराउने प्रवृत्ति बढेको छ । धेरै घटनामा युवतीको सहमतिपूर्ण सम्बन्धलाई समेत परिवार र समाजको जातीय दबाबका कारण अपराधीकरण गरिएको छ । यसरी दलित युवाले प्रेम गरेकै कारण किन बारम्बार हिंसा, पक्राउ र मृत्युको सामना गर्नुपरेको छ ?

पछिल्ला वर्षहरूमा हिरासतभित्र मृत्यु भएका धेरै व्यक्तिहरू आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायकै छन् । इन्सेकको प्रतिवेदन अनुसार एक वर्षमा ८८ जनाको प्रहरी हिरासतमा मृत्यु हुने गरेको छ । यसमा ५२ प्रतिशत दलित सीमान्तकृत समुदायकै हुन्छन्, जसमध्ये प्रहरी प्रतिवेदनले ५६ प्रतिशत आत्महत्या भनिएको छ । यसरी धेरै घटनालाई आत्महत्या भन्दै निष्कर्ष निकाल्ने प्रवृत्तिले राज्यप्रतिको अविश्वास झन् गहिरो बनाएको छ । दलित महिला संघका अनुसार अन्तरजातीय विवाह गरेका ३१.७ प्रतिशत जोडीले विभिन्न कानुनी तथा सामाजिक प्रताडना भोग्नुपरेको छ । विशेषगरी दलित पुरुष-गैरदलित महिला सम्बन्धमा अपहरण, बलात्कार र बालविवाहका उजुरी दर्ता गरिने प्रवृत्ति बढी देखिएको उल्लेख छ । अन्तरजातीय प्रेमलाई अझै पनि नेपाली समाजका धेरै हिस्साले व्यक्तिगत अधिकारका रूपमा स्वीकार गर्न सकेका छैनन् । दलित युवाले गैरदलित युवतीसँग प्रेम गर्दा कानुनी मुद्दा, सामाजिक आक्रमण र हिरासतको जोखिम झेल्नुपर्छ भने दलित युवतीहरूले बहिष्कार, अपमान र मानसिक हिंसा सहनुपरेको छ । राज्यले एकातिर अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति ल्याउँछ, अर्कोतर्फ त्यही कारण हिंसामा परेकाहरूलाई न्याय दिन भने असफल देखिन्छ ।

नेपालको संविधानले समानता, स्वतन्त्रता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ । कानुनले अन्तरजातीय विवाहलाई वैध मानेको छ । तर व्यवहारमा समाज अझै पनि जात, वर्ग, पितृसत्ता र परिवारको इज्जत भन्ने पुरानो मानसिकताबाट मुक्त हुन सकेको छैन । महिलाको स्वतन्त्र निर्णयलाई परिवारको नियन्त्रणभन्दा बाहिर स्वीकार गर्न नसक्ने सोचले प्रेम सम्बन्धलाई सामाजिक अपराधजस्तो बनाइदिएको छ । नेपालमा विवाहका लागि महिला र पुरुष दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । बालविवाह रोक्न यो कानुनी व्यवस्था आवश्यक भए पनि कतिपय अवस्थामा यही कानुन प्रेम सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग भइरहेको छ । विशेषगरी अन्तरजातीय सम्बन्धमा युवतीका परिवारले नाबालिगको आधार देखाएर युवकविरुद्ध बलात्कार वा बालविवाहको उजुरी दिने क्रम बढेको छ । सहमतिमा भएको सम्बन्धलाई सामाजिक दबाबका कारण जबर्जस्ती करणीको रूपमा व्याख्या गरिँदा कानुनको मूल उद्देश्य नै कमजोर बन्दै गएको छ ।

युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को २०२४ को अध्ययनअनुसार नेपालमा करिब ५० लाख महिलाले बालविवाहको अनुभव गरिसकेका छन् भने १३ लाखभन्दा बढी बालिका १५ वर्षअघि नै विवाहमा बाँधिएका छन् । नेपाल विश्वमै बालविवाहको उच्च दर भएका देशमध्ये पर्छ । अध्ययनहरूले ३३ प्रतिशत बालिका र नौ प्रतिशत बालक १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको देखाएका छन् । कोभिड महामारीपछि बालविवाहको दर अझ बढेको तथ्यांक पनि सार्वजनिक भएका छन् । तर विडम्बना के छ भने वास्तविक बालविवाहका घटनामा राज्य संयन्त्र कमजोर देखिन्छ । जबकि अन्तरजातीय सम्बन्धका घटनामा कानुनको प्रयोग अस्वाभाविकरूपमा तीव्र हुने गरेको आरोप बढ्दो छ । अर्कोतर्फ, नेपालमा यौन हिंसाका वास्तविक घटना पनि गम्भीर सामाजिक संकटका रूपमा रहेका छन् । आर्थिक वर्ष २०७५/७६ देखि पाँच वर्षको अवधिमा ११ हजार ७०० भन्दा बढी बलात्कारका घटना दर्ता भएका थिए । औसतमा दैनिक सातभन्दा बढी महिला बलात्कारको सिकार भएका छन् । १० वर्षमुनिका सयौं बालिकासमेत पीडित रहेको तथ्यांकले अवस्था झन् भयावह देखाउँछ । त्यसैले वास्तविक बलात्कार र जबर्जस्ती करणीका घटनालाई कमजोर बनाउने गरी संवेदनशील कानुनको दुरूपयोग हुनु झन् खतरनाक पक्ष हो ।

नेपालको ग्रामीण समाजमा अझै पनि जातीय शुद्धताको सोच बलियो छ । दलित युवकले कथित उच्च जातकी युवतीसँग विवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा गुम्ने भयले हिंसा, धम्की र झुटा मुद्दासम्मको सहारा लिने प्रवृत्ति देखिन्छ । कतिपय घटनामा युवतीलाई घरमै नजरबन्द गर्ने, युवकलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने वा प्रहरी प्रशासन प्रयोग गरेर सम्बन्ध छुटचाउने प्रयास गरिन्छ । अझ गम्भीर पक्ष के छ भने यस्ता घटनाको छानबिन गर्ने संयन्त्रहरूमा पनि प्रभावशाली पक्षकै दबाब देखिने गरेको आरोप बारम्बार उठ्ने गरेको छ । यद्यपि, वास्तविक बालविवाह र जबर्जस्ती करणीका घटनालाई कम आँक्न मिल्दैन । गरिबी, अशिक्षा, लैंगिक विभेद, दाइजो प्रथा र सामाजिक असुरक्षाले बालविवाहलाई अझै बढावा दिइरहेका छन् । किशोरी गर्भावस्था पनि ठूलो चुनौती बनेको छ । अध्ययनअनुसार कर्णाली प्रदेशमा किशोरी गर्भावस्था २१ प्रतिशतसम्म पुगेको छ । त्यसैले समाधान कानुनको दुरूपयोगमा होइन, न्यायपूर्ण कार्यान्वयन र सामाजिक चेतनाको विकासमा खोजिनुपर्छ ।

सहमतिमा रहेका वयस्कबीचको सम्बन्धलाई जातका आधारमा अपराधीकरण गर्नु मानवअधिकारविरुद्धको अभ्यास हो । कानुनले वास्तविक हिंसा र जबर्जस्तीलाई दण्डित गर्नुपर्छ, प्रेमलाई होइन । प्रहरी प्रशासनले सामाजिक दबाबभन्दा प्रमाण, सहमति र संवैधानिक अधिकारका आधारमा अनुसन्धान गर्ने संस्कार विकास गर्न आवश्यक छ । राज्यले अन्तरजातीय विवाहलाई केवल प्रोत्साहन कार्यक्रमको रूपमा होइन, सामाजिक न्याय र समानताको प्रश्नका रूपमा हेर्नुपर्छ । आज नेपालमा प्रश्न केवल प्रेमको होइन, नागरिक स्वतन्त्रता, जात व्यवस्था र कानुनी न्यायको पनि हो । यदि एक जना युवाले आफ्नो जीवनसाथी रोज्ने अधिकार प्रयोग गर्दा जातका कारण बलात्कार वा बालविवाहको अभियोग भोग्नुपर्छ भने त्यो लोकतान्त्रिक समाजको गम्भीर असफलता हो ।

जातीय विभेदको अन्त्य संविधान लेखेरमात्र हुँदैन, समाजले प्रेमलाई अपराध होइन, अधिकारका रूपमा स्वीकारेपछि मात्रै सम्भव हुन्छ । र, यसलाई राज्यले एउटा अभियानकै रूपमा अगाडि बढाउनुपर्छ । जसले मात्र विभेदरहित सामाजिक एकरूपतासहितको मानवीय समाजको स्थापना गर्न सकिन्छ । जो आजको युगको आवश्यकता हो । *रासस*

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।






# बालेनको बोली !

✍ बैकुण्ठ भण्डारी

गाउँको चौतारो देशको सबैभन्दा ठूलो संसद् हो भन्ने कुरा राजधानीका नेताहरूले कहिल्यै बुझेनन् । काठमाडौंको सिंहदरबारमा बसेर जे बोले पनि अन्तिम फैसला गाउँको चिया पसल, चौतारो र पँधेरोमै हुने गर्छ । संसद्मा कुर्सी उछिट्टिएपछि त्यसको धूलो गाउँसम्म आइपुग्छ र नेताले हतारमा बोलेको एउटा वाक्यले चौतारोमा दुई जना साथीलाई कट्टर शत्रु बनाइदिन्छ ।

यसपटक पनि त्यस्तै भयो ।

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले संसद्मा नेपाल-भारत सीमासम्बन्धी दिएको अभिव्यक्तिले तरंग ल्यायो । सीमाविद्हरूले टाउको कन्याए, राजनीतिक दलहरूले प्रेस विज्ञप्ति निकाले, सामाजिक सञ्जालमा राष्ट्रवादको ज्वारभाटा आयो । तर सबैभन्दा ठूलो बहस भने हाम्रो गाउँको चिया पसलमा भयो, जहाँ बैरी र मटचांग्रो बिहानैदेखि भिडिरहेका थिए ।

चिया पसलका साहु कान्छाले तीनपटक चिया तताइउँदा पनि बहस चिसिएको थिएन । 'बालेनले सत्य बोले,' मटचांग्रोले टेबुलमा मुक्का हान्दै भन्यो । 'त्यो सत्य होइन, राष्ट्रघाती कुरा हो,' बैरीले पनि उस्तै स्वरमा जवाफ दियो । 'सत्य बोल्नेलाई राष्ट्रघाती भन्ने हो भने अब देशमा झूट बोल्नेहरूमात्रै राष्ट्रवादी भए त ?'

'देशको माया र ममता थाहा पाएपछि पो राष्ट्रियताको कुरा आउँछ,' बैरीले चिया सुर्किंदै भन्यो, 'घरको छानो चुहिएको छ भने छिमेकीको घरमा ढुंगा हान्न जान्छस् ?' मटचांग्रो हाँस्यो । 'तिमीहरू पुराना पार्टीका मान्छे, नयाँ कुरा सुन्नै सक्दैनौं ।' 'नयाँ कुरा भनेको जे मन लाग्यो त्यही बोल्ने हो ? प्रधानमन्त्रीको बोली चिया पसलको गफजस्तो हुँदैन ।'

यति भनिसक्दा पसलमा बसिरहेका बूढापाका सबै कान ठाडा पारेर सुन्न थाले । गाउँका बूढा हर्कबहादुरले भने, 'हामीले त २०४६ पनि देख्यौं, २०६२/६३ पनि देख्यौं । त्यो बेला पनि संसद्मा कराइन्थ्यो । अहिले पनि कराइन्छ । फरक के छ ?'

कसैले उत्तर दिन सकेन ।

वास्तवमा देशको राजनीति एउटा पुरानो मोबाइलजस्तै भइसकेको छ । बाहिरको कभर फेरिन्छ, वालपेपर फेरिन्छ, रिङटोन फेरिन्छ तर ब्याट्री उही पुरानो हुन्छ । २०६३ सालतिर संसद्मा कुर्सी हानाहान भयो । त्यसपछि पनि भयो । फेरि अहिले पनि... । कुर्सीमात्र नयाँ आयो, फाल्ने शैली आधुनिक भयो । पहिले रिस उठेपछि कुर्सी उठाएर फालिन्थ्यो । अहिले रिस उठेपछि लाइभ भिडियो चलाएर फालिन्छ । लोकतन्त्र डिजिटल भएको यही हो ।

बैरीले त्यसै विषयमा कुरा घुमायो ।

'हेर्नुस् दाजुहरू, २० वर्षमा परिवर्तन भएको के छ ?' मटचांग्रोले तुरुन्तै उत्तर दियो, 'देश संघीय भयो, गणतन्त्र आयो, व्यवस्था फेरियो ।' 'व्यवस्था फेरियो, अवस्था फेरियो त ?,' बैरीको प्रश्न आयो । त्यो प्रश्न सुनेर पसलमा केहीबेर सन्नाटा छायो । किनभने यो प्रश्नको उत्तर कुनै पार्टीको घोषणापत्रमा पनि छैन । गाउँको सडक उस्तै छ । खोलाको पुल उस्तै छ । युवाहरूको वैदेशिक यात्रा उस्तै छ । खेती गर्ने किसानको दुःख उस्तै छ । फरक यत्ति हो, पहिले नेताहरू हेलिकप्टरमा कम चढ्थे, अहिले धेरै चढ्छन् । मटचांग्रो फेरि बोल्यो, 'दुईतिहाइको सरकार छ । सरकारले चाहे जे पनि गर्न सक्छ ।'

बैरी मुसुक्क हाँस्यो ।

'त्यही समस्या हो । दुईतिहाइ भएपछि केही गर्नुपर्छ भन्ने होइन, जे पनि गर्न पाइन्छ भन्ने भ्रम हुन्छ ।'

'तिमी सरकार विरोधी हौ ।'

'म सरकार विरोधी होइन, मूर्खता विरोधी हुँ ।'

पसलभरि हाँसो फैलियो ।

गाउँका शिक्षक रामनाथ सरले चस्मा मिलाउँदै भने, 'सीमाको विषय नक्सा हेरेर, दस्तावेज हेरेर र विशेषज्ञसँग परामर्श गरेर बोल्नुपर्ने कुरा हो । संसद्मा बोलेको कुरा फेसबुकको स्टाटस होइन ।' त्यो कुरा धेरैलाई चित्त बुझ्यो । किनभने अहिले देशमा एउटा नयाँ रोग फैलिएको छ, 'पहिले बोल्ने, पछि सोच्ने ।' पहिले सोच्ने, त्यसपछि बोल्ने परम्परा पुरानो भयो । अब पहिले माइक समातिन्छ । पछि विवाद हुन्छ । अनि अन्त्यमा स्पष्टीकरण आउँछ । स्पष्टीकरण भनेको राजनीतिमा यस्तो औषधि हो जसले सबै रोग निको पार्छ भन्ने विश्वास गरिन्छ ।

कुनै नेता विवादमा परे ? स्पष्टीकरण ।

कुनै मन्त्रीले गलत बोले ? स्पष्टीकरण ।

कुनै सांसदले कुर्सी फाले ? स्पष्टीकरण ।

जस्तोसुकै रोगको एउटै उपचार ।

बैरीले पनि त्यही माग गरिरहेको थियो, 'प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्छ ।' मटचांग्रोले प्रतिवाद गऱ्यो, 'किन दिनुपऱ्यो ?' 'किनकि देश चलाउने मान्छेले बोलेको कुरा देशको धारणा बन्छ ।'

'तर सत्य बोले भने ?'

'सत्य पनि कसरी, कहाँ र कुन सन्दर्भमा बोलियो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।' यो कुरा सुनेर मटचांग्रो केही बेर चुप लाग्यो । चिया पसलमा कहिलेकाहीँ यस्ता कुरा पनि हुन्छन् जहाँ बहस जित्नुभन्दा सोच्नुपर्ने अवस्था आउँछ । तर धेरै बेर चुप बस्न मटचांग्रोलाई सकस भयो । 'तिमीहरू सबै बालेनसँग डराउँछौं ।'

बैरी फेरि हाँस्यो, 'हामी कसैसँग डराउँदैनौं । हामीलाई त देशको हालत देखेर डर लाग्छ ।' देशको हालत साँच्चै अनौठो छ । सीमाको बहस चलिरहेको बेला बजारमा तरकारी महँगो छ । राष्ट्रवादको भाषण चलिरहेको बेला युवाहरू पासपोर्ट बनाउन लाइनमा छन् । संसद्मा कुर्सी उठिरहेको बेला किसानले मल पाएको छैन ।

नेताहरू नक्सामा रेखा खोजिरहेका छन्, जनताले भान्सामा दाल खोजिरहेका छन् । राष्ट्रवादको ज्वारभाटा चुनावताका निकै बढ्छ । त्यसबेला सबै नेता सगरमाथाभन्दा अग्ला राष्ट्रवादी हुन्छन् । तर चुनाव सकिएपछि त्यो राष्ट्रवाद पनि दसैंको पिङजस्तै भत्काएर थन्काइन्छ । गाउँका बूढा हर्कबहादुर फेरि बोले, 'हामीले त धेरै राष्ट्रवादी देख्यौं बाबु । चुनावअघि देश बेच्न दिन्नौं भन्नेहरू चुनावपछि आफ्नै वाचा बेचेर हिँड्छन् ।'

सबै हाँसे ।

मटचांग्रोको सबैभन्दा ठूलो शक्ति यही हो, सत्यलाई हँसाएर सुनाउँछ । मटचांग्रोले अन्तिम अस्त्र प्रयोग गऱ्यो, 'जे भए पनि अहिलेको सरकार बलियो छ ।' बैरीले जवाफ दियो, 'बलियो सरकार हुनु राम्रो हो । तर सरकार बलियो भएर जनता कमजोर भए त्यसको के अर्थ ?'

'त्यसो भए के गर्ने ?'

'संसद्मा कुर्सी फाल्ने होइन, नीति फाल्ने । झूट फाल्ने । भ्रष्टाचार फाल्ने । बेरोजगारी फाल्ने ।' चिया पसलमा फेरि ताली बज्यो । त्यो ताली बैरीका लागि होइन, जनताको मनको कुरा बोलेकोमा थियो । साँझ पर्न लाग्यो । बैरी घरतिर लाग्यो । मटचांग्रो पनि उठ्यो ।

दिनभर झगडा गरे पनि दुवै एउटै बाटो हिँड्थे । देशको राजनीति पनि त्यस्तै हो । दल फरक छन् । झण्डा फरक छन् । नारा फरक छन् । तर जनताको समस्या उस्तै छ । संसद्मा कुर्सी हानाहान गर्नेहरू पनि अन्ततः एउटै क्यान्टिनमा चिया खान्छन् ।

युटचुवमा एकअर्कालाई देशद्रोही भन्नेहरू पनि पछि एउटै गठबन्धनमा भेटिन्छन् । जनता भने हरेकपटक नयाँ आशा बोकेर मतदान केन्द्र पुग्छन् । २० वर्षअघि व्यवस्था फेरियो । जनताले अवस्था फेरिन्छ भन्ने आशा गरेका थिए । तर आज पनि गाउँको चौतारोमा बसेका बैरी र मटचांग्रो उही प्रश्न सोधिरहेका छन्, 'व्यवस्था फेरियो, अवस्था कहिले फेरिने ?'

संसद्मा कुर्सी फेरिएको छ । सरकार फेरिएको छ । दल फेरिएका छन् । नारा फेरिएका छन् । तर यदि जनताको जीवन फेरिएको छैन भने परिवर्तनको पोस्टरमात्र नयाँ छ, भित्ता पुरानै छ । त्यसैले आजको नेपालको सबैभन्दा ठूलो राजनीतिक बहस सीमाको रेखाभन्दा पनि जनताको जीवनको रेखा कसरी माथि उठाउने भन्ने हुनुपर्छ ।

नत्र संसद्मा कुर्सी उडिरहने छ । नेताहरू राष्ट्रवादको भाषण गरिरहने छन् । विशेषज्ञहरू टाउको समातिरहने छन् । र, गाउँको चिया पसलमा बैरी र मटचांग्रो अर्को २० वर्ष पनि यही प्रश्नमा झगडा गरिरहने छन् । 'देश बदलियो कि केवल नेताको कुर्सी ?' तर हामीले मिचेकै हो नि हामी बदलियौं ?

# कृषि विश्वविद्यालयमा १५ दिनमा १५ काम

**चितवन–** यहाँको कृषि तथा वन विज्ञान विश्वविद्यालयले नयाँ नेतृत्व पाएसँगै १५ दिनमा १५ वटा काम गरेको छ। विगतमा राजनीति खिचातानी र भागबण्डाका कारण विभिन्न नाममा हुने विवादले यहाँ कार्यसम्पादनमा समस्या हुने गरेको थियो। वर्तमान सरकार बनेपछि उपकुलपतिमा प्रा.डा. होमबहादुर बस्नेतलाई अर्को व्यवस्था नहुञ्जेलका लागि जिम्मेवारी दिएपछि कामले गति लिएको हो।

प्रा.डा. बस्नेतलाई वैशाख ३० गते प्रधानमन्त्री एवं विश्वविद्यालयको कुलपतिस्तरको निर्णयमार्फत उपकुलपति नियुक्त गरिएको थियो। यससँगै उनले विश्वविद्यालयमा रजिस्ट्रार, डिन र रिक्त निर्देशकहरू नियुक्त गरी कामलाई तीव्रता दिएका हुन्।

नयाँ सरकार बनेसँगै यसअघि राजनीतिक भागबण्डामा नियुक्त भएका उपकुलपति, रजिस्ट्रार, डिन र निर्देशकहरूलाई एकमुष्ठ पदमुक्त गरिएको थियो। विश्वविद्यालय स्थापनायता नियमितरूपमा राजनीतिक भागबण्डामा नियुक्त भएका पदाधिकारीमार्फत हुन नसकेका कामसमेत हाल अगाडि बढेका छन्। उपकुलपति बस्नेतले राजनीतिक पक्षधरता नहेरी काम गर्नसक्ने सक्षम व्यक्तिलाई नियुक्त गरेर कामलाई तीव्रता दिएकाले काम गर्न सहज भएको बताए।

आफूले गरेका १५ काम सार्वजनिक गर्दै उनले विश्वविद्यालयअन्तर्गतको वन विज्ञान संकाय हेटौंडा र त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान क्याम्पस हेटौंडाको विवाद तत्कालका लागि समाधान गरिएको बताए। यहाँ रहेका विवाद र समस्याको दिगो समाधानका लागि शिक्षामन्त्रीलाई ध्यानाकर्षण गराइएको उपकुलपति बस्नेतले जानकारी दिए।

विश्वविद्यालयमा भएका गुनासालाई सम्बोधन गर्दै सुशासनको प्रत्याभूति दिन एवं विभिन्न निकायको परिपत्रलाई समेत मध्यनजर गर्दै मातहतका निकायलाई अभिप्रेरित गर्ने, विद्युतीय हाजिरी प्रणालीको नियमन तथा कार्यालय समयमा सामाजिक सञ्जालको प्रयोगको नियमन गरिएको उनले बताए। बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री एवं सचिवसँग छलफल गरी सोही मन्त्रालयको प्राथमिकतामा रहेका मल उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययनका लागि प्रारूप तयार गर्न यस विश्वविद्यलयसँग माग भएबमोजिम अवधारणापत्र तयार गरिएको उनको भनाइ छ।

नेपाल सरकारले चीन सरकारको सहयोगमा भैंसी एवं राँगाको मासु निर्यातको उद्देश्य लिई सिन्धुलीको मरिण गाउँपालिकामा स्थापना गरिरहेको मासु प्रशोधन उद्योगमा प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउन सहकार्यका लागि पहल गरिएको बस्नेतले बताए। यस्तै, तीनवटै संकायमा रोकिएको स्नातक, स्नातकोत्तर एवं विद्यावारिधि कार्यक्रमका गतिविधि, प्रयोगशाला मर्मतसम्भार, कृषि संकायमा विद्युत् ट्रान्सफर्मर जडान, अडिटोरियमहल मर्मत प्रक्रिया सुरु गरिएको उनको भनाइ छ।

उपकुलपति बस्नेतले भने, 'विशेष परिस्थितिका कारण स्थगित भएको यस विश्वविद्यालयको पाँचौं दीक्षान्त समारोह एवं छैटौं विशेष बैठकको मितिसमेत तय गरी तयारी थालिएको छ। विश्वविद्यालयले विभिन्न दातृ निकायका अधिकारीसँग छलफल गरी राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सम्बन्ध विस्तारमा थप प्रयास गरिएको छ।'

यस विश्वविद्यालयको अनुसन्धान एवं प्रसार निर्देशनालयले आयोजना गर्न लागेको राष्ट्रिय सम्मेलन आगामी असार ११ देखि १३ गतेसम्म गर्नेगरी तयारी अगाडि बढाइएको पनि उनले जानकारी दिए। विश्वविद्यालयले प्राध्यापकहरूको अभाव एवं बढ्दो कक्षा भारको समस्या समाधानका लागि काम अघि बढाइएको छ।

असार ३ गते विश्वविद्यालयको स्थापना दिवस भव्य रूपमा मनाउनको लागि जिल्ला आइपिएम कृषक समूहको सहकार्यमा समुदायस्तरमा बाली उपचार शिविर गरिँदै छ। विविध कारणले रोकिएर बसेका पूर्वनिर्धारित कार्यक्रम अघि बढाइएको छ। समग्र कृषि शिक्षा, कृषि प्रसार एवं अनुसन्धान एकै छातामा रहनेगरी अगाडि बढ्न राष्ट्रिय योजना आयोगका सदस्य डा. देवेन्द्र गौचन एवं कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रासँग गहन छलफल गरी काम अघि बढाइएको बस्नेतले जानकारी दिए।

विश्वविद्यालयमा कृषि संकाय, पशु विज्ञान, पशु चिकित्सा, मत्स्य विज्ञान संकाय र वन विज्ञान संकाय रहेका छन्। जहाँ स्नातकदेखि विद्यावारिधिसम्म अध्ययन गर्ने तीन हजार ९०० विद्यार्थी अध्ययनरत छन्। विश्वविद्यालयअन्तर्गत आठ वटा आंगिक क्याम्पस र सात वटा सम्बन्धन प्राप्त निजी क्याम्पस छन्। वि.सं. २०६७ मा विश्वविद्यालय स्थापना भएको हो। *रासस*

# आगामी योजनामा मधेसको वन संरक्षणलाई प्राथमिकता दिनुपर्नेमा जोड




**महेन्द्रनगर (धनुषा)–** मधेस प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले वन संरक्षण, वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तनका चुनौतीलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ का योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बताएका छन्।

वन तथा वातावरण मन्त्रालयद्वारा सोमबार जनकपुरधाममा आयोजित आर्थिक वर्ष २०८३/८४ को योजना तर्जुमा गोष्ठी कार्यक्रममा मन्त्री चौधरीले वन क्षेत्रको दिगो व्यवस्थापन, हरित विकास तथा वातावरण संरक्षणलाई केन्द्रमा राखेर जनमुखी योजना निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए। उनले प्रदेशको जैविक विविधता संरक्षण, वनजन्य स्रोतको सदुपयोग तथा वातावरणीय जोखिम न्यूनीकरणका कार्यक्रमलाई आगामी बजेटमा प्राथमिकता दिइने उल्लेख गरे।

मन्त्री चौधरीले वन तथा वातावरण क्षेत्रको विकासले कृषि, पर्यटन तथा समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने उल्लेख गर्दै स्थानीय तह, सरोकार भएका निकायका प्रतिनिधि तथा समुदायसँगको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता जनाए। उनले वन विनाश, प्रदूषण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि दीर्घकालीन सोचसहित योजना निर्माण गर्नुपर्नेमा जोड दिए।

सो अवसरमा मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशको आर्थिक क्षमता र आवश्यकतालाई मध्यनजर गर्दै परिणाममुखी तथा प्रभावकारी योजना छनोट गर्नुपर्ने बताए। उनले सीमित स्रोत-साधनको अधिकतम उपयोग हुनेगरी योजना निर्माण गर्नुपर्ने उल्लेख गर्दै वन तथा वातावरण संरक्षणका कार्यक्रमले दिगो विकासका लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विचार व्यक्त गरे।

अर्थमन्त्री भट्टराईले प्रदेश सरकार विकास निर्माणसँगै वातावरणीय संरक्षणलाई समान महत्त्व दिइरहेको बताउँदै जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिने जानकारी दिए। वन संरक्षण गरी वातावरणीय सन्तुलन गर्ने किसिमका कार्यक्रम आउने उनको भनाइ छ।

कार्यक्रममा मन्त्रालयका सचिव जीवनाथ पौडेलले आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेशको आवश्यकता, उपलब्ध स्रोत र दीर्घकालीन विकास लक्ष्यबीच सन्तुलन कायम गर्नुपर्ने बताए। उनले वन तथा वातावरण क्षेत्रका विद्यमान चुनौती तथा सम्भावनालाई ध्यानमा राखी व्यावहारिक र कार्यान्वयनयोग्य योजना तयार पार्न मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गरे।

वन निर्देशनालयका निर्देशक जगरनाथप्रसाद जैसवालले वन संरक्षण, वृक्षरोपण, जैविक विविधता संरक्षण तथा वातावरणीय सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमलाई आगामी वर्ष थप प्रभावकारी ढंगले सञ्चालन गरिने बताए। उनले वन क्षेत्रको उत्पादकत्व वृद्धि, हरित क्षेत्र विस्तार तथा सामुदायिक वनको सुदृढीकरणका लागि आवश्यक कार्यक्रम प्रस्ताव गरिएको जानकारी दिए।

गोष्ठीमा मन्त्रालय मातहतका कार्यालय प्रमुख, प्राविधिक कर्मचारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो। सहभागीले वन तथा वातावरण क्षेत्रको दिगो विकास, जलवायु परिवर्तन अनुकूलन, प्राकृतिक स्रोत संरक्षण तथा हरित अर्थतन्त्र प्रवर्द्धनसम्बन्धी विभिन्न सुझाव प्रस्तुत गरेका थिए। मन्त्रालयले गोष्ठीबाट प्राप्त सुझावलाई समेटेर आगामी आव २०८३/८४ का नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा समावेश गर्ने जनाएको छ। *रासस*

# बनेपा नगरपालिका बहुप्राविधिक शिक्षालयमा

**काभ्रेपलाञ्चोक–** काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका कार्यालय बहुप्राविधिक शिक्षालयमा स्थान्तरण गरिने भएको छ। जेन-जी आन्दोलनका क्रममा बनेपा नगरपालिका तोडफोड एवं आगजनी भएको थियो। बनेपा नगरपालिका काभ्रे जिल्लाको पुरानो नगरपालिका हो।

हाल १० नं वडा कार्यालयबाट अस्थायीरूपमा नगर कार्यालय सञ्चालन हुँदै आएको क्षतिग्रस्त उक्त भवन पुनर्निर्माण नहुने भएपछि ५ नं वडास्थित नेपाल बनेपा बहुप्राविधिक शिक्षालयमा सारिन लागिएको हो।

नगरको स्वामित्वमा रहेको जग्गमा स्थापित शिक्षालयका ती भवनलाई अस्थायी प्रशासकीय कार्यालयका रूपमा प्रयोग गर्ने तयारी गरेको बनेपा नगरपालिकाले जनाएको छ। शिक्षालयमा हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)अन्तर्गत विभिन्न विषयमा तीन वर्षे स्नातक तहका तथा छोटो अवधिका सीपमूलक तालिमसमेत सञ्चालन हुँदै आएका छन्।

नगरप्रमुख शान्तिरत्न शाक्यले शिक्षालयको नियमित शैक्षिक गतिविधिमा कुनै अवरोध नपुऱ्याई नगरको प्रशासनिक कार्यालय सञ्चालन गर्न खोजेको बताए। उनका अनुसार नगरले आगामी आर्थिक वर्षको सुरुआतदेखि शिक्षालयका भवनबाट नागरिकलाई सेवा प्रदान गर्ने लक्ष्य राखेको छ। जेन-जी आन्दोलनमा जिल्लाका १३ स्थानीय तहमध्ये सबैभन्दा बढी बनेपा नगर कार्यालयमा क्षति पुगेको थियो।

नगर कार्यालयले भने स्थानीय सरकारको अधिकार प्रयोग गरी आफ्नो नाममा रहेको शिक्षालयको ८० रोपनी जग्गा र संरचनालाई मातहत ल्याउने निर्णय गरेको छ। निर्णयको चौतर्फी विरोध भएपछि नगरले 'स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेर सभाबाट नै पास गरी उक्त निर्णय गरेको' स्पष्ट पार्दै आएको छ। नगरप्रमुख शाक्यले नगरसभाको निर्णयअनुसार नै शिक्षालयलाई पत्राचार गरेको बताए।

आन्दोलनका क्रममा कार्यालयमा करिब १० करोड रूपैयाँबराबरको क्षति भएको नगर कार्यालयले गरेको प्राविधिक मूल्यांकनमा उल्लेख छ। बजेट व्यवस्थापन गर्न सकिए यसअघि बनाइएको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) अनुसार क्षतिग्रस्त भवन भत्काएर आठतले सुविधायुक्त नयाँ भवन बनाइने शाक्यले बताए।

उनका अनुसार जसमध्ये दुई तला भूमिगत पार्किङ रहने छ। उक्त योजनाअनुसारको भवन निर्माण गर्न ८० करोड रूपैयाँ लाग्ने शाक्यले जानकारी दिए। *रासस*


## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१९**

यस हरियाली सा.व.उ.स. मरिण गा.पा. ४, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई लोकण्डे गाउँ चौर, मरिण गा.पा.४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लट को साल, असना र चिलाउने जातको गोलिया थान २६२ को २९८३.८७ क्यू.फि गोलिया काठ र ३.०० चट्टा दाउरा को व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ।

**श्री हरियाली सा.व.उ.स., मरिण गा.पा.- ४, सिन्धुली**



## जापानमा रोजगार

कम्पनी : TOPAIM OKINAWA BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342499 | चलानी नं. ६०२५६११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Formwork Construction Industry | 3 | 0 | 178000 | १,६९,६०६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, Shiva Subedi (986-9422479), Rajiv Khanal (980-8909006)
Office Staff : 9714503511, 9714503510 E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



उत्तर कोरियाको प्योङयाङस्थित ताइसोङसान प्लेजर पार्कमा सोमबार अन्तर्राष्ट्रिय बाल दिवसको ७६औं वार्षिकोत्सवमा भाग लिँदै बालबालिका । *तस्बिर: एपी*

# आइबिस पुनः आकाशमा



**टोकियो–** दशकौंअघि जापानबाट लोप भइसकेका क्रेस्टेड आइबिस (टोकी) पुनः जंगलमा फर्किएका छन् । उत्तर-मध्य जापानको नोटो क्षेत्रमा आइतबार आयोजित विशेष समारोहमा आठवटा प्रजननमार्फत हुर्काइएका आइबिसहरू औपचारिकरूपमा स्वतन्त्ररूपमा उड्नका लागि आकाशमा छोडिएका छन् । यसलाई संरक्षण अभियानको ऐतिहासिक सफलता मानिएको छ ।

नोटो क्षेत्रको हकुई सहरमा भएको उक्त समारोहमा लोपोन्मुख चराहरूलाई तिनीहरूकै काठका पिँजडाबाट बाहिर निकालेर जंगलमा प्रवेश गराइएको थियो । सोही स्थानमा अन्तिमपटक जंगली अवस्थामा देखिएका यी चराहरूको पुनःस्थापनालाई स्थानीय समुदायले भावनात्मक क्षणका रूपमा स्वागत गरेको थियो ।

समारोहमा जापानका क्राउन प्रिन्स अकिशिनो, उनकी श्रीमती किको तथा अन्य सरकारी अधिकारीहरूको उपस्थिति रहेको थियो । पिँजडा वरिपरि रिबन काट्ने औपचारिकता सम्पन्न हुनासाथ चराहरू आकाशतर्फ उडेपछि उपस्थित बासिन्दाहरूले उत्साहका साथ स्वागत गरेका थिए ।

साडो टापुस्थित संरक्षण केन्द्रमा सफल बन्दी प्रजनन कार्यक्रममार्फत हुर्काइएका यी आठ आइबिसहरूलाई अहिले जंगलमा पुनःस्थापित गरिएको हो । अधिकारीहरूका अनुसार थप १० वटा आइबिस पनि निकट भविष्यमा स्वतन्त्ररूपमा छोडिने तयारीमा छन् ।

जापानमा 'टोकी' भनेर चिनिने क्रेस्टेड आइबिस पूर्वी एसियाको मूल प्रजाति हो । यसको सेतो शरीर, खुट्टामा देखिने सुन्तला-गुलाबी रङ र आँखाको वरिपरि रहेको चम्किलो रातो चिह्नका कारण यो चरा विशेष आकर्षणको रूपमा चिनिन्छ ।

इतिहासअनुसार सन् १९७० को दशकसम्म आइपुग्दा अत्यधिक सिकार र वातावरणीय क्षतिका कारण जापानको मुख्य टापु होन्सुबाट यो प्रजाति पूर्णरूपमा विलुप्त भएको थियो । अन्तिम स्थानीय क्रेस्टेड आइबिस सन् २००३ मा साडो टापुमा मरेपछि जापानी मूल संख्या समाप्त भएको घोषणा गरिएको थियो ।

तर चीनको सहयोगमा सुरु गरिएको संरक्षण प्रयासपछि यस प्रजातिको पुनर्जीवन सम्भव भएको हो । सन् १९९९ मा चीनबाट प्राप्त एक जोडी आइबिसको सफल कृत्रिम प्रजननबाट जापानमा पहिलोपटक संरक्षण केन्द्रमै बच्चा जन्मिएको थियो, जसले संरक्षण अभियानलाई नयाँ गति दिएको वातावरण मन्त्रालयले जनाएको छ ।

त्यसयता निरन्तर प्रजनन र संरक्षण प्रयासमार्फत आइबिसको संख्या क्रमशः वृद्धि हुँदै आएको छ । सन् २००८ मा साडो संरक्षण केन्द्रबाट १० वटा आइबिसलाई जंगलमा छोडिएको थियो । त्यसपछि उनीहरूको संख्या बढेर करिब ५०० पुगेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

हाल नोटो क्षेत्रमा गरिएको यो पुनःस्थापनालाई केवल जैविक विविधता संरक्षणको उपलब्धिमात्र नभई प्राकृतिक विपद्‌बाट प्रभावित क्षेत्रका लागि आशाको प्रतीकका रूपमा पनि हेरिएको छ । सन् २०२४ को विनाशकारी भूकम्पबाट प्रभावित नोटो क्षेत्र अझै पुनर्निर्माणको चरणमा रहेकाले आइतबारको यो क्षणलाई स्थानीयहरूले सकारात्मक संकेतका रूपमा लिएका छन् । *रासस⁄एपी*

# मलेसियामा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध

**क्वालालम्पुर–** मलेसियाले १६ वर्षभन्दा कम उमेरका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्दै नयाँ कानुनी व्यवस्था लागू गरेको छ । सोमबारदेखि कार्यान्वयनमा आएको उक्त नियमअनुसार १६ वर्षमुनिका बालबालिकाले सामाजिक सञ्जालमा व्यक्तिगत खाता खोल्न वा सञ्चालन गर्न पाउने छैनन् ।

नयाँ व्यवस्थाअनुसार सामाजिक सञ्जाल सञ्चालन गर्ने कम्पनीहरूले प्रयोगकर्ताको उमेर अनिवार्यरूपमा प्रमाणीकरण गर्नुपर्ने छ । साथै, १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई खाता दर्ता गर्न नदिने तथा त्यस्ता खाताहरू पहिचान गरी रोकथाम गर्ने जिम्मेवारी पनि सम्बन्धित कम्पनीहरूकै हुने छ ।

यो नियम फेसबुक, इन्स्टाग्राम, टिकटक, युटचुबलगायत लाखौं प्रयोगकर्ता भएका प्रमुख सामाजिक सञ्जालहरूमा लागू हुने छ । नियमको पालना नगर्ने कम्पनीहरूलाई एक करोड मलेसियन रिंगिटसम्म जरिवाना गर्न सकिने व्यवस्था गरिएको छ ।

मलेसिया सरकारले बालबालिकालाई अनलाइन माध्यमबाट फैलिने हानिकारक सामग्री, साइबर दुर्व्यवहार, मानसिक दबाब तथा सामाजिक सञ्जालको अत्यधिक प्रयोगबाट जोगाउने उद्देश्यले यस्तो कदम चालेको जनाएको छ । सरकारका अनुसार पछिल्ला वर्षहरूमा बालबालिकामाथि डिजिटल माध्यमबाट हुने विभिन्न जोखिम बढ्दै गएकाले कडा नियमन आवश्यक भएको हो ।

यद्यपि, बालबालिकाले विभिन्न उपाय अपनाएर नियम छल्दै खाता खोलेको अवस्थामा अभिभावकलाई कुनै कानुनी कारबाही गरिने छैन । सरकारको ध्यान मुख्य रूपमा सामाजिक सञ्जाल कम्पनीहरूलाई उत्तरदायी बनाउनेतर्फ केन्द्रित रहेको बताइएको छ । मलेसियाको सञ्चार तथा बहुमाध्यम आयोगले यो नीति बालबालिकालाई इन्टरनेटबाट टाढा राख्ने उद्देश्यले नभई उनीहरूका लागि सुरक्षित र उमेरअनुकूल डिजिटल वातावरण निर्माण गर्न ल्याइएको स्पष्ट पारेको छ ।

मलेसिया यस्तो कदम चाल्ने विश्वका केही देशहरूमध्ये एक बनेको छ । यसअघि अस्ट्रेलिया, ब्राजिल र इण्डोनेसियाले पनि बालबालिकाको सामाजिक सञ्जाल पहुँचमा कडा नियम लागू गरिसकेका छन् भने बेलायत, फ्रान्स, स्पेन, डेनमार्क, थाइल्याण्ड र दक्षिण कोरियालगायत देशहरूले पनि यस्तै नीति निर्माणको प्रक्रिया अगाडि बढाइरहेका छन् । *रासस⁄एपी*

# चीनद्वारा इन्टरनेट प्रविधिको नयाँ परीक्षण उपग्रह सफल प्रक्षेपण

**बेइजिङ–** चीनले इन्टरनेट तथा सञ्चार प्रविधिको विकासलाई थप सुदृढ बनाउने उद्देश्यसहित नयाँ परीक्षण उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ । आइतबार बिहान दक्षिणपश्चिमी सिचुआन प्रान्तस्थित उपग्रह प्रक्षेपण केन्द्रबाट उक्त उपग्रह प्रक्षेपण गरिएको हो ।

चिनियाँ समयअनुसार बिहान २ बजेर ७ मिनेटमा वाहक रकेटमार्फत प्रक्षेपण गरिएको उपग्रह निर्धारित कक्षामा सफलतापूर्वक स्थापित भएको चिनियाँ अन्तरिक्ष निकायले जनाएको छ । प्रक्षेपण प्रक्रिया पूर्णरूपमा सफल रहेको र उपग्रहले आफ्नो प्रारम्भिक कार्य सञ्चालन सुरु गरिसकेको बताइएको छ ।

अधिकारीहरूका अनुसार यो उपग्रह मुख्यरूपमा प्रत्यक्ष मोबाइल-उपग्रह ब्रडब्याण्ड जडान प्रविधिको परीक्षण तथा प्रमाणीकरणका लागि प्रयोग गरिने छ । यस प्रविधिमार्फत भविष्यमा सामान्य मोबाइल फोन प्रयोगकर्ताले पृथ्वीका दुर्गम क्षेत्रहरूमासमेत उपग्रहमार्फत प्रत्यक्ष इन्टरनेट तथा सञ्चार सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ ।

उपग्रहले अन्तरिक्ष र भू-भागबीच एकीकृत सञ्चार सञ्जाल निर्माणसम्बन्धी विभिन्न प्रविधिको पनि परीक्षण गर्ने छ । यसले भविष्यमा अझ प्रभावकारी, स्थिर तथा फराकिलो पहुँच भएको सञ्चार पूर्वाधार विकास गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

विशेषज्ञहरूका अनुसार प्रत्यक्ष मोबाइल-उपग्रह जडान प्रविधि विकास भएसँगै हिमाली क्षेत्र, मरुभूमि, समुद्री क्षेत्र तथा प्राकृतिक विपद्‌का समयमासमेत सञ्चार सेवा उपलब्ध गराउन सहज हुने छ । यस्तो प्रविधिले परम्परागत भू-आधारित सञ्चार संरचनामा निर्भरता कम गर्दै आपत्‌कालीन अवस्थामा भरपर्दो सञ्चारमाध्यम उपलब्ध गराउन मद्दत पुर्‍याउने छ ।

यस प्रक्षेपणसँगै चीनको वाहक रकेट शृंखलाले ६४६औं उडान अभियान सफलतापूर्वक सम्पन्न गरेको छ । यो उपलब्धिले चीनको अन्तरिक्ष कार्यक्रम निरन्तर विस्तार भइरहेको र देशले अन्तरिक्ष प्रविधि तथा उपग्रह सञ्चार क्षेत्रमा आफ्नो क्षमता मजबुत बनाउँदै लगेको संकेत गरेको छ । *रासस⁄सिन्ह्वा*

# इरान–अमेरिका आक्रमण तीव्र



**दुबई–** इरान र संयुक्त राज्य अमेरिकाबीचको तनाव पुनः तीव्र बन्दै जाँदा दुवै पक्षले एकअर्काका सैन्य तथा रणनीतिक लक्ष्यहरूमा आक्रमण गरेका छन् । अमेरिकी सेनाले इरानका राडार र ड्रोन नियन्त्रण साइटहरूमा हवाई आक्रमण गरेको पुष्टि गरेको छ भने इरानले अमेरिकी ड्रोन खसालेको र जवाफी कारबाही गरेको स्वीकार गरेको छ । यसैबीच कुवेतले आफ्नो हवाई सुरक्षाले ड्रोन र क्षेप्यास्त्र आक्रमणहरूलाई रोक्न सफल भएको जनाएको छ ।

अमेरिकी सेनाका अनुसार यो पछिल्लो कारबाही इरानद्वारा अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू-१ प्रिडेटर ड्रोनलाई खसालेको घटनाको प्रतिक्रियास्वरूप गरिएको हो । इरानले सप्ताहन्तमा सो ड्रोनलाई निशाना बनाएको थियो । त्यसपछि क्षेत्रीय तनाव थप बढेको बताइएको छ ।

अमेरिकी सेन्ट्रल कमाण्डले शनिबार र आइतबार इरानको गेरुक सहर र केशम टापु आसपासका क्षेत्रहरूमा लक्षित आक्रमण गरिएको जानकारी दिएको छ । कमाण्डका अनुसार यी आक्रमणहरू 'मापन गरिएको र योजनाबद्ध' थिए र इरानका आक्रामक गतिविधिहरूको प्रतिउत्तरस्वरूप गरिएको हो ।

सेन्ट्रल कमाण्डद्वारा जारी वक्तव्यमा भनिएको छ, 'अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू-१ ड्रोनमाथि भएको आक्रमणलगायतका इरानी आक्रामक कार्यहरूको प्रतिक्रियामा यी आक्रमणहरू गरिएको हो ।'

उक्त वक्तव्यमा भनिएको छ, 'अमेरिकी लडाकु विमानहरूले इरानका हवाई रक्षा प्रणाली, एउटा ग्राउण्ड कन्ट्रोल स्टेसन तथा दुईवटा एकतर्फी आक्रमण ड्रोनहरू नष्ट गरेका छन्, जसले क्षेत्रीय जलमार्गमा चलिरहेका जहाजहरूका लागि खतरा उत्पन्न गरिरहेको थियो ।'

अमेरिकी सेनाले आक्रमणमा कुनै पनि अमेरिकी सैनिकको हताहत नभएको स्पष्ट पारेको छ । यद्यपि प्रिडेक्टर ड्रोन हाल सेवाबाट हटाइए पनि अमेरिकी सेनाले अझै पनि यसको प्रयोग सीमितरूपमा गर्दै आएको उल्लेख गरिएको छ ।

यता इरानले पनि अमेरिकी कारबाहीको जवाफी प्रतिक्रिया दिएको जनाएको छ । इरानी रिभोलुसनरी गार्डले राज्य सञ्चालित आइआरएनए समाचार एजेन्सीमार्फत जारी गरेको वक्तव्यमा अमेरिकी सेनाले एउटा टापुस्थित टेलिकम्युनिकेसन टावरलाई निशाना बनाएको दाबी गरिएको छ । यद्यपि उक्त घटनाको विस्तृत स्थानबारे स्पष्ट जानकारी दिइएको छैन ।

इरानले अमेरिकी ड्रोन खसालिएको घटनालाई आफ्नो हवाई सुरक्षा प्रणालीको सफल कदमका रूपमा प्रस्तुत गरेको छ भने अमेरिका र इरान दुवैले आ-आफ्नो कारबाहीलाई 'जवाफी र आवश्यक' भन्दै व्याख्या गरेका छन् । यसबीच कुवेतले पनि सोमबार बिहान आफ्नो हवाई सुरक्षाले देशतर्फ प्रवेश गरिरहेका ड्रोन र क्षेप्यास्त्रहरूलाई रोक्न सफल भएको जनाएको छ । कुवेती अधिकारीहरूले तत्कालै सुरक्षा सतर्कता बढाइएको र सम्भावित क्षतिबाट जोगिन सक्रिय कदम चालिएको बताएका छन् ।

क्षेत्रीय रूपमा फैलिँदो यो तनाव इरान युद्धपछिको एक हप्ते युद्धविरामको कमजोर अवस्थासँग जोडिएको देखिन्छ । युद्धविराम कायम राख्ने प्रयास भइरहे पनि बारम्बार आक्रमण र प्रतिआक्रमणले अवस्था थप जटिल बन्दै गएको छ ।

यसैबीच इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कायम राखिरहेको बताइएको छ । यो जलघाँटी विश्वव्यापी ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग हो । पर्सियन खाडीको साँघुरो मुखबाट विश्वको करिब पाँचौं हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने भएकाले यो क्षेत्र अन्तर्राष्ट्रिय चासोको केन्द्रमा रहेको छ ।

उता इजरायल र हिजबुल्लाहबीचको तनाव पनि निरन्तर बढिरहेको छ । इजरायलले लेबनानमा लिटानी नदीभन्दा परसम्म आफ्नो सैन्य कारबाही विस्तार गरिरहेको छ भने इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ ड्रोन आक्रमण जारी राखेको छ, जसले क्षेत्रीय अस्थिरता अझ गहिरो बनाएको छ । *रासस⁄एपी*

# बालबालिकासँग हुँदा फोन टाढा राख्न आग्रह

**स्टकहोम–** स्विडेनको सार्वजनिक स्वास्थ्य एजेन्सीले आमाबाबुको मोबाइल प्रयोगले बालबालिकाको व्यवहार, बानी र पारिवारिक अन्तरक्रियामा असर पार्न सक्ने निष्कर्ष सार्वजनिक गर्दै बालबालिकासँग समय बिताउँदा फोन प्रयोग सीमित गर्न आग्रह गरेको छ । नयाँ सिफारिसमार्फत एजेन्सीले आमाबाबुलाई बच्चासँग हुँदा सकेसम्म फोन टाढा राख्न र अत्यावश्यक अवस्थामामात्र प्रयोग गर्न सुझाव दिएको हो ।

स्विडेनको जनस्वास्थ्य एजेन्सीले सोमबार जारी गरेको नयाँ मार्गनिर्देशन स्क्रिन प्रयोगसम्बन्धी पछिल्ला अनुसन्धानमा आधारित रहेको जनाएको छ । एजेन्सीले सन् २०२४ देखि नै आमाबाबुलाई बालबालिकाको वरिपरि स्मार्टफोन प्रयोगबारे सचेत हुन सुझाव दिँदै आएको भए पनि यसपटक थप स्पष्ट र व्यावहारिक सल्लाह अघि सारेको छ ।

स्वास्थ्य प्राधिकरणले जारी गरेको वक्तव्यमा भनिएको छ, 'जब तपाईं आफ्नो बच्चासँग हुनुहुन्छ, आफ्नो फोन टाढा राख्नुहोस् । आवश्यक परेमामात्र प्रयोग गर्नुहोस् वा बच्चासँगै प्रयोग गरिरहनुभएकोअवस्थामामात्र प्रयोग गर्नुहोस् ।'

एजेन्सीले आमाबाबुलाई आफ्नै जीवनमा पनि 'स्वस्थ स्क्रिन बानी' विकास गर्न आग्रह गरेको छ । यसको कारण के हो भने बालबालिकाले वयस्कहरूको व्यवहारबाट प्रत्यक्ष प्रभाव ग्रहण गर्ने भएकाले आमाबाबुको डिजिटल बानीले उनीहरूको आचरण निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने अनुसन्धानले देखाएको छ । *रासस⁄एएफपी*


**मलेसियामा रोजगार**

कम्पनी : PASARAYA SEJATI SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342814 | चलानी नं. ६०२५६१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 9 | 0 | 1700 | ६५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : XINSHENG SOFA INDUSTRIES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342815 | चलानी नं. ६०२५६१४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | furniture Production operator | 16 | 0 | 1700 | ६५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MYKULIM ENTERPRISE
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342816 | चलानी नं. ६०२५६१४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 3 | 0 | 1700 | ६५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HENEE METAL
पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | LT. No. 342817 | चलानी नं. ६०२५६१४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal worker | 18 | 0 | 1700 | ६५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २६ गते (9th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!**
**शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: COMPASS CATERING SERVICES WLL., QATAR
कम्पनी : कम्पास क्याटरिङ सर्भिसेज डब्लु एल एल., कतार

Pre Approval Date : 2026-01-05 | Post Approval Date : 2026-05-31 | LT. No. 336607 | चलानी नं. ६०२५०१९१
पूर्व स्वीकृति मिति : २०८२/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ | एल टि न. ३३६६०७ | Invoice No. 60250191

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public area attend/cleaner | 45 | 0 | 1000 | ४१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Pre Approval Date : 2025-11-02 & 2025-07-01 | Post Approval Date : 2026-05-31 | LT. No. 333062 & 326521 | चलानी नं. ६०२४६७२६/६०२४०४७०
पूर्व स्वीकृति मिति : २०८२/०७/१६ र २०८२/०३/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ | एल टि न. ३३३०६२ र ३२६५२१ | Invoice No. 60246726/60240470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ४१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 1500 | ६२,५९५ | | | | | | | |

The final interview will be conducted in the office on 19 and 20th Jun. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ५ र ६ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रु.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१०९०० | प्रति तोला – ० | प्रति तोला – ५३५५ |



रोपाइँमा व्यस्त कृषक | काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं. ९ सुनथान नजिकैको खेतमा सोमबार रोपाइँ गर्दै स्थानीय कृषक । मनसुनको सुरुवातसँगै यस क्षेत्रमा धान रोपाइँको चटारो सुरु भएको छ । *तस्विर: रासस*

ऊर्जा क्षेत्रमा नयाँ अभ्यास

# सार्वजनिक–निजी साझेदारीमा प्रसारणलाइन बनाइने


**काठमाडौं–** पश्चिम नेपालमा निर्माण हुने ठूला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्नका लागि सार्वजनिक-निजी साझेदारी अवधारणामा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुने भएको छ ।

उक्त आयोजना कार्यान्वयनका लागि 'वेस्ट सेती ट्रान्समिसन लिमिटेड' नामक कम्पनी स्थापना भएको छ । करिब रु २० अर्ब लागतअनुमान गरिएको आयोजनामा ३० प्रतिशत पूजी र ७० प्रतिशत ऋण लगानीबाट जुटाइनेछ । राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको सञ्चालक समितिले लगानी संरचना स्वीकृत गरेसँगै कम्पनी दर्ता प्रक्रिया पूरा भएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कम्पनीका संस्थापक साझेदारलाई सम्बोधन गर्दै ऊर्जा उत्पादनमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदान अब प्रसारण पूर्वाधार विकासमा विस्तार भएको बताए । उनले प्रसारण लाइनलाई ऊर्जा क्षेत्रको 'लाइफ लाइन'को संज्ञा दिँदै यस्तो साझेदारीले ऊर्जा क्षेत्रमा नयाँ युगको सुरुआत गर्ने विश्वास व्यक्त गरे । 'सहभागितामूलक विकास लोकतन्त्रको अभ्यास पनि हो । प्रसारण लाइनमा निजी क्षेत्रसँगको सहकार्य नेपालका लागि नयाँ अभ्यास भएकाले सरकारले यसलाई प्रोत्साहन गर्नेछ,' मन्त्री श्रेष्ठले भने ।

विद्युत् खरिद बिक्री सम्झौतासम्बन्धी समीक्षा प्रक्रिया जारी रहेको जानकारी दिँदै उनले प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय गरिने बताए । ऊर्जा क्षेत्रमा दिगो र विश्वसनीय आपूर्ति सुनिश्चित भए मुलुकको अर्थतन्त्रले नयाँ गति लिने र सुदूरपश्चिमको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने उनको भनाइ थियो ।

आयोजनाको सफल कार्यान्वयनका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री श्रेष्ठले समस्या समाधान गर्न सरकार तयार रहेको बताए । 'निजी क्षेत्रले जोखिम मोलेर अघि बढेको छ । आयोजना सफलतापूर्वक सम्पन्न गर्न सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्दैन'



ऊर्जा उत्पादनमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदान अब प्रसारण पूर्वाधार विकासमा विस्तार भएको छ । सहभागितामूलक विकास लोकतन्त्रको अभ्यास पनि हो । प्रसारण लाइनमा निजी क्षेत्रसँगको सहकार्य नेपालका लागि नयाँ अभ्यास भएकाले सरकारले यसलाई प्रोत्साहन गर्नेछ ।

**विराजभक्त श्रेष्ठ**
मन्त्री, ऊर्जा जलस्रोत तथा

उनले भने । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले जग्गा प्राप्ति, 'राइट अफ वे' तथा वन क्षेत्रको स्वीकृतिपछि निर्माण कार्य तीव्र रूपमा अघि बढाइने जानकारी दिए । त्यसका लागि आवश्यक तयारी सुरु भइसकेको उनले बताए । कम्पनीका साझेदार समृद्धि इनर्जी लिमिटेडका अध्यक्ष शैलेन्द्र गुरागाईले आयोजनालाई ऊर्जा क्षेत्रको 'गेम चेन्जर' परियोजनाको संज्ञा दिँदै दीर्घकालीन महत्वका कारण निजी क्षेत्र लगानी गर्न उत्साहित भएको बताए ।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले रणनीतिक दृष्टिले पनि आयोजना अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे । कम्पनीको सेयर संरचनाअनुसार सरकारी पक्षको ५१ प्रतिशत स्वामित्व रहनेछ । यसअन्तरगत राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको २६ प्रतिशत, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत र चैनपुर सेती हाइड्रोपावर कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत लगानी रहनेछ ।

निजी क्षेत्रतर्फ समृद्धि इनर्जी लिमिटेडको २५ दशमलव एक प्रतिशत, ङादी ग्रुप पावर लिमिटेडको सात प्रतिशत र स्युरी ङादी पावर लिमिटेडको छ दशमलव नौ प्रतिशत सेयर रहनेछ । बाँकी १० प्रतिशत सेयर सर्वसाधारणका लागि छुट्याइएको छ । बझाङको जयपृथ्वी नगरपालिका-१ स्थित चैनपुर सबस्टेसनदेखि डोटीको बनलेक हुँदै कैलालीको बर्दगोरिया गाउँपालिका-२ स्थित दोधोधरा सबस्टेसनसम्म करिब १४५ किलोमिटर लम्बाइको ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ ।

आयोजनाअन्तर्गत चैनपुरमा १६० एमभीए र बनलेकमा ३१५ एमभीए क्षमताका सबस्टेसन निर्माण गरिने छ । आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति तथा प्रारम्भिक सर्वेक्षण सम्पन्न भइसकेको छ भने निर्माण अवधि पाँच वर्ष निर्धारण गरिएको छ । यो प्रसारण लाइनमार्फत ७५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना, ४५० मेगावाटको सेती नदी-६ आयोजना, १७० मेगावाटको अपर सेती आयोजनालगायत सेती नदी प्रणाली तथा यसका सहायक नदीमा निर्माण हुने विभिन्न आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिनेछ ।

करिब दुई हजार ५०० मेगावाटसम्म विद्युत् निकासी क्षमता विकास गर्ने लक्ष्य राखिएको यस आयोजनाले राष्ट्रिय विद्युत् प्रणालीको विश्वसनीयता बढाउनुका साथै सीमापार विद्युत् व्यापार, ऊर्जासुरक्षा र दीर्घकालीन ऊर्जा विकास रणनीतिलाई समेत सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचामा विकास हुन लागेको प्रमुख प्रसारण पूर्वाधारमध्येको यो आयोजना ४०० केभी तहको प्रसारण लाइन क्षेत्रमा कोसेढुंगा सावित हुने विश्वास गरिएको छ । वेस्ट सेती ट्रान्समिसन लिमिटेड २०८३ जेठ १३ गते औपचारिक रूपमा दर्ता भइसकेको छ भने आवश्यक नियामकीय स्वीकृतिपछि निर्माण प्रक्रिया अघि बढाइने जनाइएको छ । *रासस*

# बचत फिर्ता गर्न गरिदिन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका सहकारी विभागमा रु चार अर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्ता गरिदिनका लागि छ हजारभन्दा बढी बचतकर्ताले माग गरेका छन् । कामपा सहकारी विभागका अनुसार पछिल्लो समय बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको हो ।

सहकारी विकागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएका उजुरीका आधारमा छ हजार ३०० बचतकर्ताले माग गरेका छन् । यसरी माग दाबी गर्ने बचतकर्तामा रु एक लाखदेखि रु पाँच लाखसम्मको रकम बढी रहेको उनले जानकारी दिए ।

प्रमुख काफ्लेले भने, 'निवेदनका आधारमा औसतमा यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजार जम्मा गर्ने अर्थात् साना रकम जम्मा गर्ने बचतकर्ताको संख्या अत्यन्तै बढी छ ।' उनका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको संख्या ७८ प्रतिशत छ ।

कामपाले गत सोमबार र मंगलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको प्रमुख काफ्लेले जानकारी दिए । कामपा-६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन रु एक लाख ५० हजारसम्म बचत गर्नेको रकम फिर्ता गरेको हो ।

सहकारीले आगामी एक महिनाभित्र रु पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ । कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीलाई पनि ताकेता गर्ने र बचतकर्ताको पनि बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ ।

सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्छन्, 'माग दाबीसहितको निवेदन लिन्छौं । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं ।' वडास्तरको मेलमिलापबाट नटुंगिएमा विभागले मिलाउन प्रयास गर्ने प्रमुख काफ्लेले बताए । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका लागि सिफारिस पनि गरिने उनले जानकारी दिए ।

## कर्पोरेट

### सौराहामा 'इसेवा ह्याकाथन २०२६' सम्पन्न




**चितवन (प्रस)–** इसेवाद्वारा सौराहामा आयोजित 'इसेवा ह्याकाथन २०२६' भव्य रूपमा सम्पन्न भएको छ । यही जेठ १५ गतेदेखि आयोजित आवासीय ह्याकाथन नयाँ प्रविधि, नवप्रवर्तन, सिर्जनशील सोच तथा वातावरणीय दिगोपनासँग सम्बन्धित डिजिटल समाधानहरू प्रस्तुत गर्दै आइतबार सम्पन्न भएको हो । इसेवाले वन्यजन्तु तथा वातावरण संरक्षणका क्षेत्रमा काम गर्दै आएको संस्था विश्व वन्यजन्तु कोष नेपालसँगको सहकार्यमा उक्त ह्याकाथन आयोजना गरेको थियो ।

नेपालमा नवप्रवर्तन संस्कृतिको विकास, डिजिटल समाधानको खोजी तथा युवा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित ह्याकाथनमा देशभरबाट छनोट भएका २० टोलीका ६३ जना युवा प्रतिभाहरूबीच प्रतिस्पर्धा भएको थियो । सहभागी प्रतिस्पर्धी टोलीहरूले फिनटेक, साइबर सुरक्षा, डिजिटल समावेशीकरण तथा वातावरणीय दिगोपनासँग सम्बन्धित नवीन डिजिटल समाधान तथा प्रोटोटाइपहरू प्रस्तुत गरेका थिए ।

ह्याकाथनको निर्णायक मण्डलद्वारा गरिएको मूल्याङ्कनका आधारमा उत्कृष्ट तीन टोली छनोट गरिएको थियो। यसअन्तर्गत आदित्य कुमार साह तेली र पूजा यादव सदस्य रहेको टोली 'कन्फ्युजन म्याट्रिक्स' ले प्रथम स्थान हासिल गर्न सफल भयो । त्यसै गरी, अभिनन्दन राजभण्डारी, एरबिन श्रेष्ठ, उत्सव दाहाल र सबिन न्यौपाने आबद्ध टोली 'क्यास फ्लो' द्वितीय हुन सफल भयो भने इन्द्र प्रसाद सापकोटा, समीप घिमिरे, सौगात अधिकारी र स्नेहा क्षेत्री सम्मिलित टोली 'आर्याना' ले तृतीय स्थान हासिल गऱ्यो । ह्याकाथनमा प्रथम, द्वितीय र तृतीय हुने टोलीहरूले क्रमशः रु. ३ लाख, रु. २ लाख र रु. १ लाख नगद पुरस्कार प्राप्त गरेको इसेवाले जनाएको छ ।

समापन समारोहलाई सम्बोधन गर्दै इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले ह्याकाथनका प्रतिस्पर्धीहरूको उत्साह तथा उनीहरूले प्रस्तुत गरेका समाधानहरूको मुक्तकण्ठले प्रशंसा गरे ।

### एसियन स्मार्ट एग्रो कम्पनीको अन्तरक्रिया

**काठमाडौं (प्रस)–** एसियन स्मार्ट एग्रो कम्पनी लिमिटेडको अन्तरक्रिया सम्पन्न भएको छ । सो अन्तरक्रिया कम्पनीका अध्यक्ष प्रवीण कुमार लामाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा सञ्चालक चन्द्रमोहन श्याङ्वाले उपस्थित किसान र सम्पूर्ण सरोकारवालाहरूलाई स्वागत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि जिल्ला उपसभापति दिलिप कुमार लामाले मन्तव्य राखेका थिए । त्यस्तै कार्यक्रममा पशु विज्ञ जगत यादवले किसानहरूमा व्यवसायिकता र आगामी दिनमा व्यवसायमा सुधार गर्नु पर्ने पक्षहरूको बारेमा विस्तृत जानकारी गराएका थिए ।




उक्त कार्यक्रममा किसानहरूले आफ्ना उत्पादन बिक्रीको लागि व्यवस्थित बिक्री प्रणालीको विकास गरिदिन, बालीहरूको बीमा, कोल्ड स्टोर, अनुदानमा आधारित बैंक कर्जा उपलब्ध गराउन पहल गरिदिन सुझाव दिएका थिए । उक्त सुझावहरू मध्ये हाल कम्पनीले बजारको सुनिश्चितताको लागि कृषि बजार इमाडोल, ललितपुरमा कृषि बजार स्थापना गरेको र आगामी दिनमा कम्पनीले निर्वाहमुखी उत्पादनलाई व्यवसायिक उत्पादन गर्न पहल गर्ने, बीमा कम्पनीहरूसँग समन्वय गरी बालीको बीमा गर्ने, कोल्ड स्टोरको लागि पहल गर्ने, बैंक तथा वित्तीय संस्थाहरू सँग समन्वय गरी बैंक कर्जा उपलब्ध गराउन पहल गर्ने र कृषि उद्योग सञ्चालन गरिने योजना रहेको कम्पनीका अध्यक्षले बताए ।

### सिद्धार्थ बैंकद्वारा जनप्रिय आधारभूत विद्यालयको भवन हस्तान्तरण



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडको आर्थिक सहयोगमा नवनिर्मित कर्णाली प्रदेश, रुकुम पश्चिम जिल्ला, सानीभेरी गाउँपालिका वडा नं. १, भण्डारवनस्थित जनप्रिय आधारभूत विद्यालयको भवन उद्घाटन गरी हस्तान्तरण गरेको छ । वि.सं. २०८० साल कार्तिक १७ गते गएको विनाशकारी भूकम्पले क्षतिग्रस्त उक्त विद्यालयको भवनको पुनर्निर्माण कार्य सम्पन्न गरी बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वर प्रसाद बस्यालले भवनको उद्घाटन गरी विद्यालयका प्रधानाध्यापक हसं बहादुर खड्कालाई औपचारिक रूपमा हस्तान्तरण गरेका हुन् ।

विद्यालय प्रांगणमा आयोजित उक्त कार्यक्रममा बैंकका प्रमुख मार्केटिंग अधिकृत सुरेश राज महर्जन, कर्पोरेट बैंकिङ प्रमुख प्रशन्न खड्का, लघु साना तथा मझौला उद्यम बैंकिङ प्रमुख प्रदिप पन्त, मुसिकोट शाखा प्रबन्धक धर्मनन्द अवस्थी, सानीभेरी गाउँपालिकाका अध्यक्ष विर्ख बहादुर विष्ट, उपाध्यक्ष कमला रोका पुन, सानीभेरी गाउँपालिका वडा नं. १ का अध्यक्ष टेक बहादुर पुन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गगन बहादुर खड्का, शिक्षकवर्ग, अभिभावक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वर प्रसाद बस्यालले विद्यालय भवन निर्माण केवल भौतिक संरचना निर्माणमा सीमित नभई भूकम्पपछिको पुनःस्थापना, बालबालिकाको सुरक्षित भविष्यप्रतिको प्रतिबद्धता तथा गुणस्तरीय शिक्षा मार्फत समाज रूपान्तरण गर्ने साझा संकल्पको प्रतिक भएको बताए ।

### सिटिजन्स बैंक र एपिआई बैंकिङ प्लेटफर्म र्‍यापिडबीच सहकार्य

rapid

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंकका कर्पोरेट ग्राहकले अब खाताको ब्यालेन्स हेर्न, स्टेटमेन्ट डाउनलोड गर्न र भविष्यमा फण्ड ट्रान्सफर गर्न, ईएमआई भुक्तानी गर्न तथा तलब वितरण गर्न फरक-फरक प्लेटफर्म प्रयोग गर्नुपर्ने झन्झटबाट मुक्ति पाउने भएका छन् । यसका लागि एपिआई बैंकिङ प्लेटफर्म र्‍यापिड र सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडबीच सहकार्य भएको छ । सहकार्यसँगै सिटिजन्स बैंकको प्रणालीमा 'र्‍यापिड' एकीकृत गरिएको छ । 'र्‍यापिड' एक एपिआई आधारित बैंकिङ प्लेटफर्म हो, जसले बैंकिङ एज ए सर्भिसमोडलमार्फत बैंक, फिनटेक तथा डिजिटल सेवा प्रदायकलाई जोड्ने काम गर्छ ।

अब बैंकका ग्राहकले आफ्नै सफ्टवेयर वा ईआरपी प्रणालीमार्फत एउटै प्लेटफर्म प्रयोग गरेर विभिन्न बैंकिङ सेवा सञ्चालन गर्न सक्नेछन् । प्रयोगकर्ताले 'कनेक्ट विथ एपिआई बैंकिंङ' विकल्पमार्फत आफ्नो बैंक खाता लिंक गर्न सक्नेछन् । यस सहकार्यले सिटिजन्स बैंकका कर्पोरेट ग्राहकको सेवा प्रवाहमा ठूलो रूपान्तरण ल्याउनुका साथै वित्तीय कामकाजलाई डिजिटल रूपमा एकीकृत गर्दै व्यवसायहरूको समय, लागत र सञ्चालनसम्बन्धी झन्झट उल्लेखनीय रूपमा घट्ने विस्वास बैंकले लिएको छ । सिटिजन्स बैंकका कर्पोरेट ग्राहकले सेवा प्रयोग गर्न बैंकमा एक पटक मात्र मोबाइल बैंकिङजस्तै फाराम भर्नुपर्नेछ । त्यसपछि अधिकांश सेवा अनलाइनमार्फत सञ्चालन गर्न सकिने बैंकले जनाएको छ । 'र्‍यापिड'ले ग्राहकको अनुमति प्रक्रियालाई पनि डिजिटल बनाएको छ, जसले थप सहजता र पारदर्शिता ल्याउने विश्वास गरिएको छ । 'र्‍यापिड'मा एण्ड-टु-एण्ड इन्क्रिप्सन, मल्टिलेयर भेरिफिकेशन तथा अत्याधुनिक सुरक्षा प्रोटोकल प्रयोग गरिएकोले सबै प्रकारका डिजिटल ट्रान्जेक्सनलाई सुरक्षित बनाउने विस्वास समेत बैंकले लिएको छ । एपिआई बैंकिङ अवधारणालाई सहज र पहुँचयोग्य बनाउँदै साना, मझौला तथा ठूला व्यवसायलाई समान रूपमा डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने लक्ष्य बैंकले लिएको छ ।

## काठमाडौं–शेञ्जेन सीधा उडान गर्दै हिमालयन एअरलाइन्स




**काठमाडौं (प्रस)–** नेपालको एक मात्र अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी हिमालय एअरलाइन्स्ले चीनको शेन्जेनमा सिधा उडान सुरु गर्ने भएको छ । एअरलाइन्स्ले यही बिहीबारदेखि नेपालको राजधानी काठमाडौं र चीनको 'सिलिकन भ्याली'का नामले प्रख्यात शेन्जेनबीच ऐतिहासिक सिधा उडान सुरु गर्दै क्षेत्रीय सञ्जाल बिस्तार गर्ने तयारी गरेको हो ।

हिमालय एअरलाइन्स्ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट शेन्जेन स्थित शेन्जेन बाओ'आन अन्तर्राष्ट्रिय विमानस्थलबीच साप्ताहिक दुई सिधा उडान सेवा आरम्भ गर्दैछ । यो नेपालको नागरिक उड्डयन इतिहास तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको दृष्टिकोणबाट एक महत्वपूर्ण र ऐतिहासिक उपलब्धि हो ।

'हामीले काठमाडौं-शेन्जेन-काठमाडौं सेक्टर जोड्न तथा मागको आधारमा आगामी दिनमा उडानहरू थप्ने योजनासहित हाल हप्तामा दुई उडान सञ्चालन गर्दैछौं । काठमाडौंबाट शेन्जेनका लागि उडान प्रत्येक मंगलबार र बिहीबार प्रस्थान गर्नेछ भने शेन्जेनबाट काठमाडौंका लागि फर्कने उडान प्रत्येक बुधबार र शुक्रबार सञ्चालन हुनेछ,' एअरलाइन्स् स्रोतले जनायो ।

हिमालय एअरलाइन्स्का उपाध्यक्ष विजय श्रेष्ठले नयाँ सुरु हुन लागेको ऐतिहासिक काठमाडौं-शेन्जेन-काठमाडौं उडानप्रति उत्साह व्यक्त गर्दै भने, 'हिमालय एअरलाइन्स्ले सधैं चीनमा नयाँ नयाँ गन्तव्यहरू खोज्दै नियमित उडान सञ्चालनहरू अगाडि बढाउँदै आएको छ । त्यसैले नयाँ बजार खोज्न हाम्रो योगदान उल्लेखनीय छ ।'

उनले थपे 'काठमाडौं-शेन्जेन-काठमाडौं रुटमा सुरु गरिएको यस उडानले दुई राष्ट्रका नागरिक-नागरिक बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने हाम्रो एअरलाइन्स्को उद्देश्यलाई प्रोत्साहन गर्दछ । यो ऐतिहासिक उडानको परिचयसँगै हिमालयले उच्च सुरक्षा मापदण्ड कायम गर्दै यात्रुहरूका लागि अविस्मरणीय यात्रा अनुभवहरू सिर्जना गर्ने लक्ष्य राखेको छ । हामी हाम्रा उडानहरूमा यात्रुहरूलाई स्वागत गर्न र उहाँहरूलाई नेपाल र चीन दुवैले प्रदान गर्ने प्राकृतिक सौन्दर्य र विविध अवसरहरूसँग जोड्न तत्पर छौं ।'

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ